# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ५५ | काठमाडौं | आइतबार, ०२ असार २०८१ | Prabhab National Daily | Sunday, June 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


टी-२० विश्वकप क्रिकेट

## नेपालको शानदार प्रदर्शन तर भाग्यले दिएन साथ

- दक्षिण अफ्रिकासँग नेपाल एक रनले पराजित
- टेस्ट राष्ट्रमाथि ऐतिहासिक जितबाट चुक्यो नेपाल
- दक्षिण अफ्रिकाले खेल जित्यो, नेपालले मन
- हारसँगै नेपाल विश्वकपबाट बाहिरियो, अन्तिम खेल बंगलदेशसँग खेल्ने




■ प्रभाव संवाददाता


**काठमाडौं–** नेपालले विश्व क्रिकेटमा शानदार उपस्थिति जनाएको छ । अमेरिका र वेस्ट इन्डिजमा जारी टी-२० विश्वकपअन्तर्गत शनिबार बिहान दक्षिण अफ्रिकाविरुद्धको खेलमा नेपालले उत्कृष्ट प्रदर्शन गरेको हो । यद्यपि, नेपाल एक रनको पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ ।

वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित आर्नोस भले ग्राण्ड किंग्सटाउन रंगशालामा भएको खेलमा टेस्ट मान्यताप्राप्त राष्ट्र दक्षिण अफ्रिकामाथि ऐतिहासिक जित नजिक पुगेको नेपाललाई भाग्यले साथ दिएन । अन्तिम ओभरमा आठ रन चाहिएको थियो । क्रिजमा रहेका गुल्सन झाले लगातार दुई बलमा रन बनाउन सकेनन् । तेस्रो बलमा चौका प्रहार गरेका उनले चौथो बलमा दुई रन बटुल्दै नेपाललाई जित नजिक पुऱ्याए ।

अन्तिम दुई बलमा दुई रन मात्र चाहिएको थियो । एक रन जोडे खेल सुपर ओभरमा धकेलिन्थ्यो । तर, चर्को दबाबमा परेका झाले पाँचौं बल डट खेले भने अन्तिम बलमा रनआउट भए । र, नेपालको सुपर-८ मा पुग्ने सम्भावना समाप्त भयो । दक्षिण अफ्रिकासँग हार बेहोरे पनि नेपालले विश्वभरका क्रिकेटप्रेमीको मन जित्न सफल भएको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले खेलपछि आफ्नो पेजमा लेखेको छ,

(क्रमशः पृष्ठ ३ मा)

### 'राम्रो खेलेर पनि हार्नुपऱ्यो'



नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले दक्षिण अफ्रिकाविरुद्ध नेपालले राम्रो खेलेको बताएका छन् । दक्षिण अफ्रिकासँग नेपाल एक रनले पराजित भएपछि प्रतिक्रिया दिँदै उनले राम्रो क्रिकेट खेल्दा पनि हार बेहोर्नुपरेको बताएका हुन् ।


'दुई बलमा दुई रन चाहिएको थियो । तर, टी-२० यति फास्ट छ जतिबेला पनि गेम यताउता जान्छ ।

(क्रमशः पृष्ठ २ मा)

# प्रदेशको बजेट दुई खर्ब ७३ अर्ब



■ जेबी योञ्जन




**काठमाडौं–** मुलुकका सातवटै प्रदेशले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेट सार्वजनिक गरेका छन् । शनिबार सातवटै प्रदेशका अर्थमन्त्रीले आ-आफ्नो प्रदेशसभामा बजेट प्रस्तुत गरेका हुन् । प्रदेश सरकारहरूले ल्याएका बजेटको कूल आकार दुई खर्ब ७३ अर्ब रूपैयाँभन्दा बढीको छ ।

प्रदेश सरकारले हरेक असार १ गते आगामी आर्थिक वर्षको बजेट प्रदेशसभामा पेस गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ । सोही व्यवस्थाअनुसार सातै प्रदेश सरकारले शनिबार एकैदिन बजेट सार्वजनिक गरेका हुन् । केही प्रदेशले चालु आर्थिक वर्षको तुलनामा बजेटको आकार घटाएका छन् भने केहीले बढाएका छन् । सबैभन्दा ठूलो आकारको बजेट बागमती प्रदेश सरकारले ल्याएको छ भने कर्णाली प्रदेशले सबैभन्दा सानो आकारको बजेट सार्वजनिक गरेको छ ।

### बागमतीको बजेट ६४ अर्ब ५४ करोड

बागमती प्रदेशले ६४ अर्ब ५४ करोड रूपैयाँबराबरको बजेट ल्याएको छ । शनिबार आर्थिक मामिलामन्त्री जगन्नाथ थपलियाले चालु आर्थिक वर्षकोभन्दा करिब दुई अर्ब रूपैयाँ बढीको बजेट ल्याएका हुन् । बागमतीमा चालु आर्थिक वर्षको बजेट ६२ अर्ब ७१ अर्ब हो ।

चालुतर्फ २६ अर्ब १० करोड रूपैयाँ, पुँजीगततर्फ ३६ अर्ब ९३ करोड र वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड रूपैयाँ छुटयाएको छ । बजेटको स्रोतमध्ये कर राजस्वबाट २७ अर्ब ५८ करोड ५७ लाख, अन्य राजस्वबाट छ अर्ब ५१ करोड १६ लाख, संघीय सरकारबाट वित्तीय हस्तान्तरणबापत पाउने रकमबाट १५ अर्ब ५७ करोड ५६ लाख रूपैयाँ राखिएको छ । त्यस्तै चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ८६ करोड ७४ लाख ५१ हजार व्यहोरिने आर्थिक मामिलामन्त्री थपलियाले बताएका छन् ।

सडकका लागि सात अर्ब ७८ करोड, पुल र झोलुंगे पुलका लागि दुई अर्ब २८ करोड, कृषिका लागि साढे दुई अर्ब, स्थानीय तहका लागि समपूरक अनुदानतर्फ दुई अर्ब ४८ करोड, विशेष अनुदानका लागि ७९ करोड ४८ लाख र वित्तीय हस्तान्तरणका लागि आठ अर्ब ३७ करोड रूपैयाँ विनियोजन गरिएको छ । सवारीसाधन कर राजस्व बाँडफाँडबाट स्थानीय तहलाई पाँच अर्ब रूपैयाँ प्रदान गर्ने गरी बजेट व्यवस्था गरिएको मन्त्री थपलियाले बताए ।

बागमती सरकारले दूधमा अनुदानका लागि २० करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । पर्यटन तथा सहकारी क्षेत्रका लागि दुई अर्ब ४६ करोड करोड र उद्योग, भूमि तथा प्रशासनका लागि ७२ करोड विनियोजन गरिएको छ ।

### मधेसमा ४३ अर्ब ८९ करोडको बजेट

बागमतीपछि दोस्रो ठूलो आकारको बजेट मधेस प्रदेश सरकारले सार्वजनिक गरेको छ । मधेस सरकारले शनिबार ४३ अर्ब ८९ करोड २१ लाख रूपैयाँको बजेट सार्वजनिक गरेको हो । प्रदेशका अर्थमन्त्री भरतप्रसाद साहले प्रदेशसभामा प्रस्तुत गरेको बजेटमा चालुतर्फ १६ अर्ब र पुँजीगततर्फ २७ अर्ब ८९ करोड रूपैयाँ बजेट विनियोजन गरेका हुन् ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## वैदेशिक रोजगारीमा जानेलाई सहुलियतपूर्ण ऋण दिने तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जान चाहने युवाहरूलाई सहुलियतपूर्ण ऋण दिने योजना अघि बढाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगारीका लागि विदेश जाने श्रमिकले चर्को ब्याजमा व्यक्तिसँग ऋण लिनुपर्ने बाध्यता रहेको भन्दै त्यसको अन्त्य गर्न सहुलियतपूर्ण ऋण दिने योजना अघि बढाएको हो ।




वैदेशिक रोजगारीमा जान चाहने कामदारले सेवा शुल्कसमेत ऋण खोज्नुपर्ने बाध्यता देखिएको भन्दै त्यस्ता व्यक्तिहरूलाई सरकारले बैंकमार्फत सस्तो ब्याजदरमा ऋण दिने व्यवस्था मिलाउन छलफल भइरहेको मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताए । 'विदेश जाने नेपाली कामदारलाई सस्तो ब्याजदरमा ऋण दिनेसम्बन्धमा विभिन्न बैंकहरूसँग कुराकानी भइरहेको छ,' उनले भने, 'जुन बैंकबाट ऋण उपलब्ध हुन्छ सोही बैंकमार्फत नियमित रेमिटचान्सको कारोबार गर्नुका साथै क्रमशः साँवाब्याज भुक्तानी गर्नुपर्ने अनिवार्य व्यवस्था लागू हुने छ ।'

बैकबाट ऋण लिने व्यवस्था गर्न सके वैदेशिक रोजगारीका लागि कतिपय मुलुकमा जान लागू गरिएको 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्था कार्यान्वयमासमेत बल पुग्ने बताइएको छ । यसबाट वैदेशिक रोजगारीका लागि जान चाहने युवाहरूमाथि थोपरिने चर्को ब्याज र आर्थिक शोषणको अन्त्य हुने मन्त्रालयको भनाइ छ ।

वैदेशिक रोजगारीमा जाने कामदारका लागि बैंकमार्फत ऋण दिने व्यवस्था गरेमा म्यानपावर कम्पनीको सेवा शुल्कसमेत व्यवस्थित हुने मन्त्रालयले अपेक्षा गरेको छ । हाल अनधिकृतरूपमा लाखौं रूपैयाँ लिने गरे पनि म्यानपावरले कामदारलाई १० हजार रूपैयाँको मात्रै भरपाई दिने गरेको पाइन्छ । अनधिकृत कारोबार रोक्न तथा प्रभावकारी नियमनका लागि वैदेशिक रोजगारीमा जाँदा लाग्ने सेवा शुल्क बैंकमार्फत नै म्यानपावरलाई बुझाउने र बैंकले दिने ऋण पनि कामदारको खातामा नभई सीधै म्यानपावरको खातामा पठाउने योजना मन्त्रालयले बनाएको छ ।

गरिबी र बेरोजगारीको चपेटामा परेका अधिकांश युवाहरू विदेश जाँदा चर्को ब्याजमा ऋण लिएर म्यानपावर वा एजेन्टलाई बुझाएर जानुपर्ने बाध्यता छ । सरकारले रोजगारीका लागि मलेसियालगायत खाडी मुलुकमा जान सेवा शुल्क १० हजार रूपैयाँबाहेक अन्य शुल्क लिन नपाइने व्यवस्था गरे पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा म्यानपावर कम्पनीहरूले कामदारबाट अनधिकृतरूपमा तीन/चार लाख रूपैयाँसम्म असुल्ने गरेको पाइन्छ ।

सरकारले विगतदेखि नै वैदेशिक रोजगारीमा जान चाहने नेपालीहरूलाई सहुलियतपूर्ण कर्जा दिने बताउँदै आए पनि कार्यन्वयन हुन सकेको थिएन । यद्यपि आगामी आर्थिक वर्षको बजेट भाषणमार्फत वैदेशिक रोजगारीमा जाने युवालाई सहुलियत ऋण दिनेसम्बन्धमा सम्बोधन भएपछि श्रम मन्त्रालयले आवश्यक गृहकार्य थालेको बताइएको छ । जसमा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा रेमिटचान्स पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराइने छ ।

## साउदीमा एक साताभित्र २४३ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप २४३ जना नेपाली श्रमिकले 'एक्जिट भिसा' पाएका छन् । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक हप्ताभित्र दुईपटक गरी एक्जिट भिसा दिएको हो ।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले थुप्रै विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । यसै क्रममा तीन हजार ५०० बढी नेपालीहरूले विभिन्न मितिमा एक्जिट भिसा पाइसकेको दूतावासले जनाएको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरुब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ । यदि कुनै पनि अवस्थामा अप्ठचारोमा परेका नेपालीहरूलाई आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न दूतावासले आग्रह गरेको छ ।




## पृष्ठ १ बीट क्रमशः

### प्रदेशको बजेट...

मधेस सरकारले आन्तरिक राजस्वबाट नौ अर्ब सात करोड, संघको वितीय समानीकरण अनुदानबाट सात अर्ब, ७९ करोड तथा ससर्त अनुदानबाट तीन अर्ब ५५ करोड ७८ लाख गरी जम्मा ११ अर्ब ३५ करोड ७० लाख र संघीय राजस्व बाँडफाँडबाट १३ अर्ब ६० करोड र गत वर्षको नगद मौज्दातबाट सात अर्ब ८६ करोड २१ लाख रूपैयाँबाट बजेटको स्रोत व्यवस्थापन गर्ने लक्ष्य राखेको छ।

मधेस सरकारले २०८२ साललाई पर्यटन वर्ष घोषणा गर्दै 'घुमौं मधेस, बुझौं मधेस' अभियान सञ्चालन गर्ने भएको छ। उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका लागि दुई अर्ब ९८ करोड ५८ लाख रूपैयाँ बराबरको बजेट विनियोजन गरेको छ।

### लुम्बिनीको बजेट ३८ अर्ब ९७ करोड

तेस्रो ठूलो आकारको बजेट लुम्बिनी प्रदेश सरकारले सार्वजनिक गरेको छ। लुम्बिनीका आर्थिक मामिलामन्त्री चेतनारायण आचार्यले शनिबार प्रदेश संसद्मा ३८ अर्ब ९७ करोड रूपैयाँको बजेट प्रस्तुत गरेका हुन्। त्यसमध्ये चालुतर्फ ११ अर्ब २४ करोड २७ लाख र पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ।

आगामी वर्षमा अनुमान गरिएको खर्च बेहोर्ने स्रोत आन्तरिक राजस्वमार्फत सात अर्ब ५१ करोड र संघबाट प्राप्त हुने राजस्व बाँडफाँडमार्फत १२ अर्ब एक करोड र संघबाट प्राप्त हुने रोयल्टी ५० करोड र स्थानीय तहबाट प्राप्त हुने राजस्व दुई अर्ब ९२ करोड रूपैयाँ हुने अनुमान मन्त्री आचार्यको छ। आर्थिक वर्ष २०८१/८२ बजेटको यो आकार चालु आर्थिक वर्षको भन्दा एक अर्ब ५१ करोड रूपैयाँले घटाइएको छ। लुम्बिनी प्रदेशले नीति तथा कार्यक्रममा उल्लेख गरेअनुसार नै विगतका कार्यक्रमलाई निरन्तरता दिँदै कार्यक्रमलाई विस्तार गर्ने योजनाका साथ बजेट विनियोजन गरेको छ।

बजेटको प्राथमिकता र सिद्धान्तमा कृषि क्षेत्रलाई जोड दिएको कार्यक्रमलाई बजेटबाट सम्बोधन गर्ने प्रयास भएको छ। 'किसानको हात, प्रदेशको साथ' रहेको भन्दै कृषि क्षेत्रका लागि १० करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ। यस्तै, पाँच करोड १६ लाख माटो व्यवस्थापन कार्यक्रम, प्रांगारिक मलका लागि १४ करोड विनियोजन गरिएको छ। पहाडी जिल्ला अर्घाखाँचीमा पशुमा लाग्ने खोरत रोग उन्मूलन गर्ने र अन्य पशुरोग उपचारका लागि १२ करोड ४० लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ। आगामी आर्थिक वर्षमा एक लाख पशुमा कृत्रिम गर्भाधान गराउने लक्ष्य लिएको छ।

४० वर्षभन्दा माथिका मधुमेह, रक्तचाप रोगको निःशुल्क चेकजाँच गरिने भएको छ। सामुदायिक विद्यालय र क्याम्पसको भौतिक पूर्वाधारका लागि एक अर्ब १० करोड, खानेपानीका क्षेत्रमा एक अर्ब ३० करोड, तटबन्ध लगायतको कामका लागि ६१ करोड, ऊर्जा र विद्युतमा १३ करोड ५० लाख र सीमा सडकको लागि १६ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ।

### कोशीले ल्यायो ३५ अर्ब २७ करोडको बजेट

कोशी प्रदेश सरकारले ३५ अर्ब २७ करोड ९३ लाख रूपैयाँको बजेट सार्वजनिक गरेको छ। प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले चालुतर्फ १४ अर्ब ४७ करोड र पुँजीगततर्फ १६ अर्ब २० करोड रूपैयाँ, वित्तीय व्यवस्थापनबाट दुई करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ चार अर्ब ५८ करोड ५० लाख रूपैयाँ विनियोजन गरिएको छ। त्यसमध्ये चालु खर्चअन्तर्गत संघीय अनुदानतर्फ फिर्ताका लागि तीन अर्ब रूपैयाँ विनियोजन गरिएको छ।

कोशी सरकारले प्रस्तुत गरेको विनियोजित खर्च प्राप्त गर्न आन्तरिक राजस्वबाट चार अर्ब ९८ करोड रूपैयाँ, राजस्व बाँडफाँडबाट १२ अर्ब ४० करोड आठ लाख रूपैयाँ, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब ९४ करोड ३२ लाख, ससर्त अनुदानबाट चार अर्ब १६ करोड ४३ लाख, समपूरक अनुदानबाट ६५ करोड ५० लाख र विशेष अनुदानबाट ७८ करोड एक लाख रूपैयाँ गरी स्रोतको व्यवस्थापन मिलाएको छ। यी स्रोतबाट ३१ अर्ब ९२ करोड ३४ लाख रूपैयाँ प्राप्त हुने र बाँकी तीन अर्ब २५ करोड रूपैयाँ नगद मौज्दातबाट र १० करोड ५९ लाख रूपैयाँ वैदेशिक अनुदानबाट व्यहोरिने बजेट वक्तव्यमा उल्लेख छ।

पूर्वाधार विकासका लागि सबैभन्दा बढी १० अर्ब ४१ करोड, खानेपानी तथा ऊर्जामा चार अर्ब ७६ करोड, स्वास्थ्यमा तीन अर्ब ५८ करोड, कृषितर्फ दुई अर्ब ६७ करोड, सामाजिक क्षेत्रमा एक अर्ब ५८ करोड, पर्यटन, वन तथा वातावरण दुई अर्ब ८२ करोड र आन्तरिक मामिला तथा सूचना सञ्चारका लागि एक अर्ब तीन करोड रूपैयाँ विनियोजन गरिएको छ।

### गण्डकीको बजेट ३२ अर्ब ९७ करोड

गण्डकी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री डा. टकराज गुरुङले आगामी आर्थिक वर्षका लागि ३२ अर्ब ९७ करोड ८५ लाख रूपैयाँको बजेट सार्वजनिक गरेका छन्। विनियोजित बजेटमध्ये १३ अर्ब १६ करोड पाँच लाख रूपैयाँ चालुतर्फ छ भने पुँजीगततर्फ १९ अर्ब ५१ करोड ७९ लाख रूपैयाँ विनियोजन गरिएको छ। संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानबाट सात अर्ब ६३ करोड ८८ लाख रूपैयाँ र राजस्व बाँडफाँडबाट नौ अर्ब ६१ करोड १२ लाख रूपैयाँ स्रोत व्यवस्थापन गर्ने लक्ष्य गण्डकीको बजेटले लिएको छ। रोयल्टी बाँडफाँडबाट ४८ करोड १० लाख रूपैयाँ, ससर्त अनुदानबाट तीन अर्ब १० करोड ११ लाख रूपैयाँ, समपूरक अनुदान एक अर्ब १९ करोड रूपैयाँ र विशेष अनुदानबाट ६५ करोड ५५ लाख रूपैयाँ प्राप्त हुने भनिएको छ।

आन्तरिक राजस्व पाँच अर्ब १७ करोड हुने र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनबाट दुई अर्ब ९४ करोड नगद मौज्दात रहने मन्त्री गुरुङको अनुमान छ। बजेटमार्फत सरकारले कृषिमा प्रदेशलाई आत्मनिर्भर बनाउने लक्ष्य राखेको छ। पर्यटन उद्योग वन तथा वातावरण मन्त्रालयका लागि ९१ करोड ५१ लाख रूपैयाँ विनियोजन गरिएको छ। सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका लागि पाँच अर्ब ४७ करोड, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका लागि १२ अर्ब ७० करोड १६ लाख र ऊर्जा र खानेपानी तथा सिँचाइ मन्त्रालयका लागि चार अर्ब दुई करोड रूपैयाँ बजेट छुट्याइएको छ।

### सुदूरपश्चिममा ३१ अर्ब ६२ करोडको बजेट

सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ का लागि ३१ अर्ब ६२ करोड ९८ लाख रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिलामन्त्री सुरेन्द्रबहादुर पालले शनिबार सुदूरपश्चिम प्रदेशसभामा उक्त बजेट प्रस्तुत गरेका हुन्। चालुतर्फ ११ अर्ब सात करोड १९ लाख रूपैयाँ र पुँजीगत खर्च १७ अर्ब ५३ करोड आठ लाख रूपैयाँ, अन्तरसरकारी वित्त हस्तान्तरणमा दुई अर्ब ९२ करोड ७० लाख रूपैयाँ, वित्तीय व्यवस्थापनका लागि १० करोड रूपैयाँ विनियोजन गरेका छन्।

भौतिक पूर्वाधार विकासका लागि १३ अर्ब ६५ करोड, ऊर्जा सिँचाइका लागि तीन अर्ब ६१ करोड, सरसफाइ र खानेपानीमा एक अर्ब ९२ करोड, शिक्षा तथा स्वास्थ्यका लागि छ अर्ब ७४ करोड, कृषिमा तीन अर्ब नौ करोड, वन पर्यटन मन्त्रालयका लागि दुई अर्ब चार करोड, आन्तरिक मामिला मन्त्रालयका लागि ३८ करोड ६९ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ।

### कर्णाली प्रदेशको बजेट ३१ अर्ब ४१ करोड

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३१ अर्ब ४१ करोड रूपैयाँबराबरको बजेट ल्याएको छ। आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीले शनिबार प्रस्तुत गरेको बजेटमा पुँजीगततर्फ १८ अर्ब ७५ करोड आठ लाख रूपैयाँ र चालुतर्फ सात अर्ब ५७ करोड ५५ लाख रूपैयाँ बजेट विनियोजन गरिएको हो। यस्तै, वित्तीय व्यवस्थापनतर्फ २५ करोड र स्थानीय तहतर्फ वित्तीय हस्तान्तरणका लागि चार अर्ब ८३ करोड ८१ हजार रूपैयाँ बजेट विनियोजन गरिएको छ। बजेटको स्रोतमा आन्तरिक राजस्वबाट ८३ करोड ४४ लाख ६५ हजार र चालु आर्थिक वर्षको खर्च नभई बचत हुने अनुमानित रकम पाँच अर्ब १३ करोड ८१ लाख रूपैयाँ परिचालन गरिएको छ।

संघीय सरकारबाट राजस्व बाँडफाँडमार्फत प्राप्त हुने बजेट नौ अर्ब ३८ करोड ५३ लाख र वित्तीय समानीकरण अनुदानतर्फको १० अर्ब ३६ करोड ६३ लाख, ससर्त अनुदानबाट तीन अर्ब ७१ करोड ५० लाख रूपैयाँ परिचालन गरिने अर्थिक मामिलामन्त्री केसीले बताए। संघ सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ एक अर्ब २८ करोड ५० लाख र विशेष अनुदानतर्फ ६७ करोड ६५ लाख रूपैयाँ परिचालन गरिने कर्णालीको बजेटमा उल्लेख छ। विनियोजित बजेटमा भौतिक पूर्वाधार, यातायात र सहरी विकासका लागि १० अर्ब ४६ करोड बजेट विनियोजन गरिएको छ। कर्णाली सरकारले पनि बजेटमा कृषिलाई नै प्राथमिकता दिएको छ।

### राम्रो खेलेर ...

मोमेन्टम चाँडै चेन्ज हुने भएको कारण ओभरल हेर्दा सबैमा राम्रै गर्‍यौं जस्तो लाग्छ,' उनले पोस्टम्याच प्रेस कन्फ्रेन्समा भने। यो पिचमा स्पिनरले आफ्नो योजनाअनुसार नै प्रदर्शन गरेको उनले बताए। 'मलाई हाम्रो टोलीमा गर्व छ, विशेगरी ब्याटिङ र बलिङमा। विकेट हेर्दा हामीलाई स्पिनरको मद्दत मिल्छ भन्ने थाहा थियो, त्यसैले हामी स्पिनरहरूलाई बढी बलिङ गर्न लगायौं,' उनले भने।


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०३/०२ आइतबार**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जा सहकारी संस्थासँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नको लागि ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गरि सो को जानकारी गराउदा समेत उक्त कर्जाको साँवा व्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले सहकारी संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गर्नु भएकोले सो कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही लिलाम बढाबढ/गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नको लागि मिति २०७९/११/०५ को प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना र मिति २०८०/०८/२६ गते धितो लिलाम सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा ऋणीले केही समयको लागि लिलामी प्रक्रिया स्थगीत गरिदिएमा आफुले कर्जा चुक्ता गर्ने भनि मिति २०७९/१२/०८ गते यस संस्थामा आई निवेदन दिए पश्चात संस्थाले लिलामी प्रक्रिया रोकिदिंदा पनि हाल सम्म पनि कर्जा भुक्तानी नगरेको हुँदा पुनः धितो लिलाम सम्बन्धी दोश्रो पटक यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरू लिलाम बढाबढ/गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको केन्द्रिय कार्यालय, कर्जा असुली शाखा, चावहिल, चुच्चेपाटी, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराइन्छ।

**तपसिल**

| क्र.स. | ऋणीको बिवरण | साक्षी/जमानीको बिवरण | धितो बिवरण |
|---|---|---|---|
| १. | नाम थर : अनुपम सापकोटा<br>बाबुको नाम : अम्बिका प्रसाद सापकोटा<br>बाजेको नाम : देबी चरण सापकोटा<br>स्थायी ठेगाना : बलखु - ८ ओखलढुंगा<br>हालको ठेगाना : सुनाकोठी - १४ ललितपुर  | नाम थर : आशा घिमिरे<br>पतिको नाम : अनुपम सापकोटा<br>स्थायी ठेगाना : बलखु - ८ ओखलढुंगा<br>हालको ठेगाना : सुनाकोठी -१४ ललितपुर | अनुपम सापकोटाको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला साविक ललितपुर उप-महानगरपालिका वडा नं ०५, कित्ता नं ४३९, ४४१ को क्षेत्रफल क्रमश ०-१-२-१ र ०-२-२-२, १३३.१४ व.मि.क्षेत्रफलको जग्गा र सो जग्गामा रहेको लिगलिगापात समेत |

**धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरूः**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको मुख्य कार्यालय चावहिल, चुच्चेपाटीबाट रु.५००/- तिरि प्राप्त गर्न सकिने छ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रभु बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नंः ११८००७३५३७९०००२२ मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको २:३० बजे प्रतिनिधीहरूको उपस्थितिमा खोलिने छ।
५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस संस्थाको केन्द्रिय कार्यालय चावहिल, चुच्चेपाटीमा सम्पर्क गर्न सकिने छ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयं बोलकबोल गर्नेले नै ब्यहोर्नु पर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र दाखिल भई सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ।
१०. लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ।

**सिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान**


**मिति : २०८१/०३/१७ गते, सोमबार**
**समय : अपरान्ह २:३० बजे**
**स्थान : संस्थाको मुख्य कार्यालय, चावहिल, चुच्चेपाटी।**

**पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याकंन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुर्नमूल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

**शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.**
**मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं**
फोन नं.४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार २ गते २०८१, आइतबार

| | |
|---|---|
| **मेष** | बोलिको माध्यमले काम सम्पन्न हन्ेछ। |
| **वृष** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ। |
| **मिथुन** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ। |
| **कर्कट** | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला। |
| **सिंह** | रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। |
| **कन्या** | दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। |
| **तुला** | सातामा संघर्ष गरेपनि सफलता पाइएला। |
| **वृश्चिक** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ। |
| **धनु** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य |
| **मकर** | काम। मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ। |
| **कुम्भ** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ। |
| **मीन** | व्यवसायिक काममा फाइदा हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ०२ गते, २०८१, १६ जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.३८ | १३३.९८ |
| युरो | १ को | १४३.९४ | १४४.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.३७ | १७१.१४ |
| स्विस फ्रैन्क | १ को | १४८.८० | १४९.४६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.६४ | ८९.०४ |
| क्यानाडियन डलर | १ को | ९७.०२ | ९७.४६ |
| सिँगापुर डलर | १ को | ९८.८४ | ९९.२८ |
| जापानी येन | १० को | ८.४८ | ८.५२ |
| चिनियाँ युआन | १ को | १८.३९ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५६ | ३५.७२ |
| कतारी रियाल | १ को | ३६.५८ | ३६.७४ |
| थाई भाट | १ को | ३.६४ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३१ | ३६.४८ |
| मलेसियन रिङेट | १ को | २८.३३ | २८.४६ |
| दक्षिण कोरियन वन | १०० को | ९.७० | ९.७५ |
| स्विडिस क्रोनर | १ को | १२.८२ | १२.८८ |
| डेनिस क्रोनर | १ को | १९.३० | १९.३८ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१५ |
| कुवेती दिनार | १ को | ४३५.२३ | ४३७.१९ |
| बहराइन दिनार | १ को | ३५३.८८ | ३५५.४७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ।



**दित्केलमा साकेला उभौली** | **किराँत समुदायको महान चाड साकेला उभौलीको अन्तिम दिन शनिबार खोटाङको दित्केलस्थित माटीकोरे खेल मैदानमा आयोजित साकेला सिली प्रतियोगितामा सहभागी कलाकार ।** *तस्बिर: केदार मगर/रासस*

# बागमतीको मुहानस्थल बागद्वारमा सफाइ

**काठमाडौं–** बागमती सफाइ महाअभियान सुरू भएको १२ वर्षपछि नदीको मुहानस्थल बागद्वारमै पुगेर पहिलोपटक सफाइ गरिएको छ । माथिल्लो बागमती सफाइ अभियानको ५३९औं हप्ता र मुहान सफाइ अभियानको चौथो हप्ताका अवसरमा शनिबार नदीको मुहानस्थल बागद्वार पुगेर अभियानकर्मीको समूहले सफाइ गरेको हो । सुन्दरीजलबाट करिब चार घण्टाको दूरीमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको बाटो बागद्वार पुगेर करिब १५० जना अभियानकर्मीले सफाइ गरेका हुन् ।

सुन्दरीजलबाट माथि लागेपछि नै निकुञ्जबीचको सडक दायाँबायाँ पानीका बोत्तल, प्लास्टिकलगायत फोहोर फालेको दृश्य देखिन्थ्यो । अभियानकर्मीले यो फोहोरसमेत टिप्दै हिँडेका थिए । सफाइमा बागमती सफाइ महाअभियानका मुख्य अभियानकर्मी एवं पूर्वमुख्यसचिव लीलामणि पौड्याल, मुहान क्षेत्रको सफाइका लागि विशेष अभियान चलाएका बिपी संग्रहालयका अध्यक्ष परशुराम पोखरेल, माथिल्लो बागमती सफाइ अभियानका उत्तम पुडासैनी, मानवअधिकार तथा शान्ति समाज काठमाडौंका अध्यक्ष भगवान् पुडासैनीलगायत अभियानकर्मीको नेतृत्वमा मुहान क्षेत्रको विशेष सफाइ गरिएको हो ।

मुहान क्षेत्र बागद्वारको सफाइ गर्नुअघि वैदिक विधिअनुसार बागमतीको मुहान सफा राख्ने संकल्पसहित पूर्वमुख्यसचिव पौडेल, अभियानकर्मी पोखरेल र पुडासैनीले सबै अभियानकर्मीको प्रतिनिधित्व गर्दै पूजा गरेका थिए । स्थानीय पण्डित दण्डपाणि खनालले पूजा गराएका थिए । केही वर्षअघिसम्म पानीको पोखरी भएको स्थलमा गोकर्णेश्वर र बूढानीलकण्ठ नगरपालिकाले सिमेन्ट प्रयोग गरेर बनाएको पोखरीमा पानी नहाली यत्तिकै रहेको छ । स्थानीयवासीका अनुसार यहाँ पानी आउने बाटो नै बन्द भएको छ ।

बागद्वारबाट खसेको पानी नालीबाट नदीमा आउने अवस्था मुहानमै बनेको छ । यहाँका दुई स्थानीय तहको बजेटले यो संरचना बनिसकेपछि सञ्चालन भए/नभएको अनुगमन पनि कसैले गरेका छैनन् । सफाइ अभियानलाई सम्बोधन गर्दै पूर्वमुख्यसचिव पौड्यलले आफू २०७३ सालमा आएको भन्दा अहिले मुहानमै कम पानी देखिएको बताए ।

बागद्वार क्षेत्रमा गरेको फोहोर खानेपानीमार्फत काठमाडौं उपत्यकावासीका घरघरमा पुग्ने भएकाले यस क्षेत्रको सफाइमा विशेष ध्यान दिन उनले आग्रह गरे । मानिसमा जागरण आउनेगरी सफाइ महाअभियानले फेरि बागद्वारबाट चोभारसम्म पदयात्रा गर्नुपर्ने सफाइ महाअभियानको नेतृत्व गर्दै आएका पौड्यालले सुनाए ।

सफा अभियानकर्मी पोखरेलले १२ वर्षसम्म बागमती सफाइ महाअभियान जारी हुँदा पनि मुहान क्षेत्रको सफाइ हुन नसकेकाले आजको कार्यक्रम राख्नुपरेको बताए । बागमती गंगामा नमिसिँदासम्म नाम परिवर्तन नहुने भएकाले यसको महत्त्व रहेको भनाइ उनले राखे । माथिल्लो बागमती सफाइ अभियानका अभियानकर्मी पुडासैनीले मुहानदेखिकै फोहोर संकलन गरेर स्रोतमै व्यवस्थापन गरिनुपर्ने बताए । *रासस*

# ७१ जिल्लामा फैलियो डेंगी संक्रमण

**काठमाडौं–** डेंगी रोगको संक्रमण ७१ वटा जिल्लामा फैलिएको छ । गत जेठ ११ गतेसम्म ५७ जिल्लामा फैलिएको डेंगी हाल ७१ जिल्लामा पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा. गोकर्णप्रसाद दाहालले मौसम परिवर्तनसँगै गर्मीका कारणले डेंगीको संक्रमण बढेको बताए ।

उनले गर्मीमा मानिसले पानी संकलन गरेर राख्ने र संकलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेंगीको जोखिम बढेको बताए । 'गर्मीमा पानी संकलन गरेर राख्ने गरिन्छ । त्यसरी संकलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ । सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ,' उनले भने ।

उनका अनुसार ७१ जिल्लामा एक हजार १३० जनामा संक्रमणमा देखिएको छ । गत वर्ष ७७ जिल्लामा ५१ हजार १४३ जनालाई डेंगी रोगको संक्रमण देखिएको थियो । उनका अनुसार कोशी प्रदेशमा २७२, मधेस प्रदेशमा ३०, बागमती प्रदेशमा ३९०, गण्डकी प्रदेशमा १७५, लुम्बिनी प्रदेशमा १३२, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिम प्रदेशमा ११५ जनामा संक्रमण देखिएको छ ।

**उपत्यकामा १५९ जनामा संक्रमण**

काठमाडौंमा ११४ जना, भक्तपुरमा २७ जना र ललितपुरमा १८ जनामा संक्रमण देखिएको छ । डेंगी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फुलबाट लार्भा निस्कने र त्यही लार्भा बयस्क भएपछि टोकेपछि डेंगी रोग लाग्दछ ।

डेंगी संक्रमण हुँदा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदिजस्ता लक्षण देखा पर्दछन् । लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न मन्त्रालयले अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढंगले पाल्न र घर वरिपरी गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न दिन हुँदैन । *रासस*

पृष्ठ १ बीट क्रमशः

## नेपालको शानदार...

'दक्षिण अफ्रिकाले खेल जित्यो, नेपालले मन जित्यो ।' उक्त खेलका होस्टहरूले नेपाल र दक्षिण अफ्रिकाबीचको खेल 'जारी प्रतियोगिताकै उत्कृष्ट खेल' भएकोसमेत विश्लेषण गरे ।

खेलमा कप्तान रोहित पौडेलले टस जितेर फिल्डिङ रोजेका थिए । नेपाली बलरहरूले उत्कृष्ट बलिङ गर्दै दक्षिण अफ्रिकालाई २० ओभरमा ११५ रनभित्र समेट्न सफल भएको थियो । दक्षिण अफ्रिकाले सात विकेटको क्षतिमा नेपाललाई ११६ रनको लक्ष्य दिएको थियो । नेपालका लागि कुशल भुर्तेलले चार र दीपेन्द्रसिंह ऐरीले तीन विकेट लिए ।

दक्षिण अफ्रिकाले दिएको ११६ रनको लक्ष्य पछ्याउने क्रममा नेपालले निर्धारित २० ओभरमा ११४ रनमात्र बनाउन सक्यो । कुशल भुर्तेल र आशिफ शेखले 'पावर प्ले'मा विनाविकेट ३२ रन बनाएका थिए । नेपालले पहिलो विकेटको रूपमा कुशललाई गुमाएको थियो । उनले १३ रन बनाएका थिए । उनीपछि आएका कप्तान रोहित पौडेल शून्य रनमा आउट भए । त्यसपछि नेपालको पारीलाई आशिफ र अनिल शाहको जोडीले सम्हालेको थियो । अनिल २४ बल सामना गर्दै २७ रन बनाएर बाहिरिए ।

नेपालले १३.४ ओभरमा ८५ रन बनाएको थियो । त्यसपछि ब्याटिङका लागि दीपेन्द्रसिंह ऐरी छ रनमा आउट भएका थिए । ९९ रनमा तीन विकेट गुमाएर खेलिरहेको नेपालले थप एक रन बनाउँदा आशिफ, कुशल मल्ल र ऐरीलाई गुमाएको थियो । दक्षिण अफ्रिकाका बलर तार्बेज साम्सीसामु खुलेर खेल्न नसकेपछि नेपालले हात पारिसकेको जित दक्षिण अफ्रिकालाई सुम्पन बाध्य भएको थियो ।

त्यसअघि दक्षिण अफ्रिकाका लागि ओपनर रिजा हेन्ड्रिक्सले ४३ रन र ट्रिस्टान स्टब्सले २७ रन बनाएका थिए । डिकक १० रनमा आउट भएका थिए । त्यस्तै कप्तान एडेन माक्रम १५ रनमा आउट हुँदा अन्य ब्याट्सम्यानले दोहोरो अंकको रन बनाउन सकेनन् ।

भुर्तेलले चार ओभरमा १९ रन दिएर चार विकेट लिँदा ऐरीले चार ओभरमा २१ रन दिएर तीन विकेट लिए । नेपालका लागि सन्दीप लामिछानेले चार ओभरमा १८ रनमात्र दिए पनि विकेट निकाल्न सकेनन् । लामिछाने अदालतबाट सफाइ पाएर पहिलोपटक टोलीमा समावेश भएका हुन् । अमेरिकाले भने उनलाई भिसा दिन दुईपटक अस्वीकार गरिसकेको छ ।

यो खेल जितेको भए नेपालले पहिलोपटक टेस्ट मान्यताप्राप्त राष्ट्रलाई हराउने इतिहास बन्ने थियो । साथै, नेपालको जारी प्रतियोगिताको सुपर-८ मा पुग्ने सम्भावना जीवित रहने थियो । पहिलो खेलमा नेदरल्याण्ड्ससँग पराजित भएको नेपालले श्रीलंकाविरुद्धको दोस्रो खेल वर्षाका कारण खेल्न पाएन । त्यसैले दक्षिण अफ्रिकामाथि जित निकाल्नैपर्ने दबाबमा थियो । अब अन्तिम खेल नेपालले बंगलादेशविरुद्ध खेल्ने छ ।

**दक्षिण अफ्रिकाको इनिङमा जम्मा दुई छक्का**

दक्षिण अफ्रिकाले पूरा इनिङमा जम्मा २ वटामात्र छक्का प्रहार गरेको थियो । सोमपाल कामीको एक बल र कुशल भुर्तेलको एक बलमा मात्र छक्का प्रहार भएको थियो । नेपालको इनिङमा भने जम्मा चार छक्का प्रहार भएको थियो । नेपालका लागि कुशल भुर्तेल, सोमपाल कामी, अनिल शाह र आशिफ शेखले एक/एक छक्का प्रहार गरेका थिए । दक्षिण अफ्रिकाले जम्मा १० वटा चौका हानेको थियो भने नेपालका तर्फबाट नौ वटा चौहा प्रहार भएका थिए ।


**शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रिको सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०३/०२

श्री आरती सामुदायिक वन उपभोक्ता समुहको आ.व. २०८०/०८१ को विभिन्न खण्डमा मा गरिएको ढलापडा संकलन कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको कोहलपुर-०७ रजगडुवा स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल बाहेक अन्य (कर्मा, धौटी, खयर लगायतको) जम्मा गोलिया थान ५१९ को परिमाण ५५५.४२ र साल बाहेक अन्य प्रजाति को दाउरा जम्मा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । ईच्छुक वन पैदावारको कार्य गर्ने दर्ता भएका स:मिल वा कम्पनीले यो सुचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री आरती महिला सामुदायिक वन उपभोक्ता समूह**
**कोहलपुर-७ र जानकी-०५, रजगडुवा बाँके**



**सुन्दरहरैंचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचौक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**दरभाउपत्र स्वीकृती आशयको सूचना**

**(सूचना प्रकाशन मिति : २०८१/०३/०२)**

यस कार्यालयको मितिः २०८१/०२/०९ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र आब्हान सम्बन्धी सुचना अनुसार रितपुर्वक दर्ता हुन आएका दरभाउपत्रदाताका दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरीने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजानार्थ सम्बन्धित सबैको जानकरीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| बोलपत्रको विवरण | स्वीकृतका लागि छनौट भएको दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर समेत) |
|---|---|---|
| SHM/MOR/SQ/G/27/2080/081, Procurement of Supply and Delivery of CGI Sheet, Sundarharaicha | Green Leaf Pvt. Ltd. Kathmandu – 31 | **रु १४८३६४९.७७** (भ्याट समेत) (रु चौध लाख त्रियासी हजार छ सय उनान्पचास पैसा सतहत्तर मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



**SUNAWARSHI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPLE EXECUTIVE**
**DAINIYA, MORANG**
**KOSHI PROVINCE**

**INVITATION FOR BID**

**Published date: 2081/03/02 (2024/06/16)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites electronics bids from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (Without Vat & PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/ROAD/ 080/81-12 | Amardaha bajar chhetrama asphalt kalopatre garne kaam | 1,16,33,865.52/- | 2,55,000 /- | 3,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunbarsimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents through website www.bolpatra.gov.np/egp and deposit cost of Bidding Document in bank name of the Bank:-Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178)**
**Note: Boutcher paid through Connect IPS is not allowed .**
4. A complete Set of Bidding Documents May be purchased (electronically) from the Office Of sunawarshi Municipality Dainiya Morang By eligible Bidders by downloading the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee as mention in the 5th column of above table on or Before 2081/03/31 during office hours.) of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality by electronically on before 12:00 noon on 2081/04/01. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Shrawan, 1st, 2081 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 90 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## वाह ! नेपाली क्रिकेट

दश वर्षपछि टी–२० विश्वकपमा सहभागी नेपालले बलियो उपस्थिति जनाएको छ । अमेरिका र वेस्ट इन्डिजमा जारी टी–२० विश्वकपअन्तर्गत शनिबार बिहान दक्षिण अफ्रिकाविरुद्धको खेलमा शानदार प्रदर्शन गर्दै नेपालले क्रिकेटहरूको मन जित्न सफल भएको हो । क्रिकेटको 'पाउवर हाउस' दक्षिण अफ्रिकाविरुद्ध नेपालले लज्जास्पद हार बोहोर्ने हो कि भन्ने आशंका नगरिएको होइन । किनभने दक्षिण अफ्रिका बलिङ⁄ब्याटिङ दुवैमा उत्कृष्ट र अनुभवी खेलाडी भएको टोली हो । यता नेपाली टिममा सबै युवा खेलाडी । टेस्ट राष्ट्रसँग खेलेको अनुभव नै थिएन ।

तर, नेपाली टिमसँग बलियो आत्मबल थियो । विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्ने भोक थियो । र, नेपाली क्रिकेटलाई स्थापित गर्ने अठोट प्रत्येक खेलाडीमा थियो । जुन दक्षिण अफ्रिकाविरुद्ध प्रस्ट देखियो । नेपालले पहिले फिल्डिङ गर्दै दक्षिण अफ्रिकालाई २० ओभरको खेलमा ११५ रनमात्र बनाउन दियो । नेपाली बलरहरूले उत्कृष्ट बलिङ गरेपछि दक्षिण अफ्रिका सात विकेट गुमाएर दबाबमा परेको थियो ।

हुन त भाग्यभन्दा कर्ममा विश्वास गर्नुपर्छ भनिन्छ । तर कहिलेकाहीँ भाग्यले साथ नदिँदा जति राम्रो गरे पनि नतिजा उल्टो आइदिन्छ । हो, नेपाललाई यस्तै भयो । राम्रो खेल्यो तर हाऱ्यो । मात्र एक रन जोड्न चुक्दा नेपालले दक्षिण अफ्रिकालाई खेलको नतिजा सुम्पिनुपऱ्यो । र, हारसँगै सुपर–८ मा पुग्ने बाटो पनि बन्द भयो ।

दक्षिण अफ्रिकासँग हार बेहोरे पनि नेपालले विश्वभरका क्रिकेटप्रेमीको मन जित्न सफल भएको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले खेलपछि आफ्नो पेजमा लेखेको छ, 'दक्षिण अफ्रिकाले खेल जित्यो, नेपालले मन जित्यो ।' उक्त खेलका होस्टहरूले नेपाल र दक्षिण अफ्रिकाबीचको खेल 'जारी प्रतियोगिताकै उत्कृष्ट खेल' भएकोसमेत विश्लेषण गरे । त्यसैले नेपालको हारले पीडा दिए पनि विश्वस्तरीय प्रदर्शनप्रति गर्व गर्नुपर्छ । यो प्रदर्शनले साँच्चै नेपाली क्रिकेटको उचाइ बढाएको छ ।

यो खेल जितेको भए नेपालले पहिलोपटक टेस्ट मान्यताप्राप्त राष्ट्रलाई हराउने इतिहास बन्ने थियो । साथै, नेपालको जारी प्रतियोगिताको सुपर–८ मा पुग्ने सम्भावना जीवित रहने थियो । पहिलो खेलमा नेदरल्याण्ड्ससँग पराजित भएको नेपालले श्रीलंकाविरुद्धको दोस्रो खेल वर्षाका कारण खेल्न पाएन । अब अन्तिम खेल नेपालले बंगलादेशविरुद्ध खेल्ने छ । बंगलादेशसँग पनि यही स्तरको खेलको अपेक्षा गरौं । खेलमा जित वा हार स्वाभाविक हो । तर, नतिजा जुन आए पनि सम्झनलायक प्रदर्शन गरेको छ, नेपाली टिमले । वाह ! नेपाली क्रिकेट ।

मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# सूचना प्रविधि क्षेत्रका प्रगति र चुनौती



■ सन्तोष सिग्देल

सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बनाउने परिकल्पना गर्दै गर्दा नेपालले समावेशीरूपमा सबै वर्ग, क्षेत्र, लिंग, भाषा र उमेर समूहका नेपालीलाई डिजिटल विकासमा कसरी जोड्ने, इन्टरनेटको अर्थपूर्ण पहुँच कसरी सुनिश्चित गर्ने, इन्टरनेटलाई स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा प्रवाह, आयआर्जन, साना तथा मझौला व्यवसायको प्रवर्द्धन तथा संरक्षणमा कसरी रणनीतिकरूपमा प्रयोग गर्ने भन्नेबारेमा स्पष्टता प्रदर्शन गर्नु महत्त्वपूर्ण हुने छ । त्यसैगरी, इ-गभर्नेन्सलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न, खुला सरकार र खुला शासन प्रवर्द्धन गर्न, सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न र भ्रष्टाचार नियन्त्रणलगायतका लागि इ-गभर्नेन्सलाई प्राथमिकीकरण गर्न जरूरी छ ।

इन्टरनेटको विश्वव्यापी सञ्जाल र बढ्दो पहुँच, आर्टिफिसियल इन्टेलिजेन्सलगायतका नवीनतम् प्रविधिको तीव्र विकास, सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको क्रमिकरूपमा व्यापक प्रयोग आदिले पनि यस क्षेत्रको महत्त्व दर्साउँछ । नेपालमा पनि सूचना तथा सञ्चार प्रविधिको महत्त्वलाई आत्मसात् गर्दै सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ अवलम्बन गरिएको छ ।

यसै क्रममा नीतिगत व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने मनसायका साथ सन् २०१९ मा नेपाल सरकारले 'डिजिटल नेपाल फ्रेमवर्क'मार्फत आठ क्षेत्र ८० डिजिटल कार्यक्रम अवलम्बन गर्दै सामाजिक तथा आर्थिक विकासलाई सूचना तथा सञ्चार प्रविधिमार्फत थप गतिशील बनाउने उद्देश्य लिएको छ । यसरी पहिचान गरिएका आठ क्षेत्रमा डिजिटल पूर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त क्षेत्र तथा सहरी पूर्वाधार छन् भने यी क्षेत्रको विकासका लागि ८० विभिन्न कार्यक्रमसमेत पहिचान गरिएका छन् । डिजिटल नेपाल फ्रेमवर्कका अतिरिक्त नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रलाई आफ्नो आवधिक तथा वार्षिक नीति तथा कार्यक्रममासमेत प्राथमिकतामा राख्न थालेको छ । तथापि, सूचना तथा सञ्चार प्रविधिलाई नेपालको समृद्धिकै आधार बनाउनका लागि केही आधारभूत विषयहरूमा विशेष ध्यान दिन र कार्यान्वयनमा लैजान जरुरी छ । यहाँ सूचना तथा सञ्चार प्रविधि नेपालको समृद्धिको आधार बनाउन सकिने सम्भावनाका सकारात्मक पाटाहरू के छन् र यस सम्भावनालाई वास्तविकता बनाउन ध्यान दिनुपर्ने केही मुख्य पक्षहरूका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### डिजिटल अधिकार र सूचना प्रविधिमा पहुँच

सूचना तथा सञ्चार प्रविधिलाई समृद्ध नेपालको आधार बनाउनका लागि यसलाई अधिकारमुखी दृष्टिकोणबाट हेरिनु पर्दछ । डिजिटल अधिकारको आधारभूत पक्ष भनेको सूचना प्रविधिमा भरपर्दो पहुँच हो । केही सरकारी वा नियमनकारी निकायको तथ्यांकका आधारमा नेपालमा इन्टरनेटको पहुँच लगभग सतप्रतिशत पुग्न लागेको भन्ने दाबी गरिन्छ । तर नेपालको पछिल्लो जनगणनाअनुसार मात्र ३७.८ प्रतिशत घरधुरी इन्टरनेटको पहुँचमा रहेको देखाउँछ, जसअनुसार ६२ प्रतिशत घरधुरी अझै पनि इन्टरनेटको पहुँचबाहिर रहेका छन् । नेपाली जनसंख्याको ठूलो हिस्सा, विशेषगरी ग्रामीण र सीमान्तकृत समुदायहरूमा, इन्टरनेट र विद्युतीय सेवाहरूको पहुँच बाहिरको अवस्थाले डिजिटल विभाजनलाई बढवा दिएको छ । डिजिटल क्षेत्रमा हुने यस प्रकारको विभाजन र असमानताले व्यक्तिगत अवसरहरूमा बाधा पुऱ्याउने मात्र होइन, सामाजिक-आर्थिक विभाजनलाई पनि थप फराकिलो बनाउँछ । साथै, हाल उपलब्ध तथ्यांकले सहरी तथा ग्रामीण क्षेत्र तथा जिल्ला, प्रदेश, भौगोलिक क्षेत्रको आधारमा इन्टरनेट पहुँचको अवस्था कस्तो छ भन्ने देखिए पनि सामाजिकरूपमा जात जाति, लिंग, उमेर समूह तथा सीमान्तकृत र पिछडिएको समुदायमा इन्टरनेटको पहुँच के कति रहेको छ भन्ने तथ्यांक उपलब्ध छैन । साथै, नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार नेपालमा उपलब्ध इन्टरनेट पहुँच मुख्यतः (९५ प्रतिशत) मोबाइल ब्रोडब्याण्ड हो भने फिक्स्ड वा तारमा आधारित (वायर्ड) इन्टरनेटमा पाँच प्रतिशतभन्दा कम प्रयोगकर्ताको पहुँच रहेको छ । आइसिटीलाई समृद्धिको आधार बनाउनका लागि इन्टरनेट पूर्वाधारलाई सुदृढ बनाउनुको विकल्प छैन । त्यसैले नेपालले इन्टरनेटमा ज्यादाभन्दा ज्यादा नेपालीको पहुँच पुऱ्याउने र फिक्स्ड वा तारमा आधारित इन्टरनेट घरघरमा पुऱ्याउने काम तत्काल गर्नुपर्छ ।

इन्टरनेटमा पहुँचको अर्को महत्त्वपूर्ण पक्ष इन्टरनेटमा प्रयोग हुने भाषा हो । इन्टरनेटमा उपलब्ध अधिकतम सामग्रीहरू गैरनेपाली भाषामा उपलब्ध हुने कारणले पनि इन्टरनेटमा नेपालीको पहुँच सीमित रहेको छ । इन्टरनेटमा विद्यमान रहेका असमानता सामाजिक-आर्थिक कारकहरू, परम्परागत सामाजिक मानदण्डहरूको कारण कायम रहँदा यसको प्रत्यक्ष प्रभाव इन्टरनेटको पहुँच र डिजिटल अधिकारमा प्रभाव पर्दछ । तसर्थ, सूचना प्रविधिलाई समृद्धिका आधार बनाउन सकेसम्म धेरै नेपालीलाई इन्टरनेटमा जोड्नुपर्दछ र त्यसका लागि उनीहरूले सहजरूपमा प्रयोग गर्न सक्ने नेपाली वा अन्य राष्ट्रिय भाषामा इन्टरनेट सामग्री वा सार्वजनिक सेवा आदि उपलब्ध हुनुपर्छ । सरकारले नीति, नियम तथा कार्यक्रम बनाउँदा सकेसम्म अधिकतम नेपालीले सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग कसरी गर्न सक्ने छन् त भन्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ ।

### इ–गभर्नेन्सका चुनौतीहरू

सञ्चार र सूचना प्रविधिलाई समृद्धिको आधार बनाउन यसलाई सार्वजनिक सेवा प्रवाहसँग जोड्नुपर्ने हुन्छ जसलाई बृहत्रूपमा इ-गभर्नेन्सका रूपमा परिभाषित गरिएको छ । राज्यले आफूले प्रदान गर्ने सार्वजनिक सेवा, सुविधालाई डिजिटाइजेसन, डिजिटलाइजेसन तथा डिजिटल रूपान्तरणमार्फत इ-गभर्नेन्स प्रभावकारी बनाउन सक्दछ । नेपाल सरकारले इ-गभर्नेन्सलाई प्राथमिकताको विषयमा राखेको भएता पनि त्यसका लागि आवश्यक पूर्वाधार तथा कानुनी व्यवस्था अवलम्बनमा ढिलाइ भइरहेको छ ।

मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति दिइसकेको इ-गभर्नेन्ससम्बन्धी कानुनको मस्यौदा विधेयकसमेत बन्न सकेको छैन भने सरकारले गठन गरेको विद्युतीय सुशासन आयोगले अपेक्षितरूपमा कार्य गर्न सकेको छैन । इ-गभर्नेन्स प्रणालीको आधारभूत पूर्वाधारका रूपमा रहेको राष्ट्रिय परिचयपत्रका सम्बन्धमा देखिएका नीतिगत तथा कानुनी अस्पष्टता, यसको अवलम्बनमा भएको ढिलाइ, परिचयपत्रलाई अन्य सार्वजनिक सेवा प्रवाहमा जोड्नमा देखिएको असक्षमता आदिले यसको आवश्यकतामै प्रश्नसमेत उठ्ने गरेको छ । त्यस्तै विद्युतीय सेवा र सुविधालाई सातै दिन चौबिसै घण्टा परिचालन गरिने भनिएता पनि कार्यालय समयमा विद्युतीय सेवामा समस्या आउनु, मध्यरातमा मात्र कतिपय सार्वजनिक डिजिटल सेवा प्रणालीहरू सञ्चालन गरिनु र समयसमयमा भइरहने प्रविधिक समस्याले इ-गभर्नेन्ससम्बन्धी प्रशासनिक दक्षता र नियतमा नै प्रश्नचिह्न खडा गरेको छ । आवश्यक पूर्वाधार, नितिगत तथा कानुनी स्पष्टता तथा प्रशासनिक दक्षताविनै लागू गर्न खोजिएको इ-गभर्नेन्स प्रणालीले खासै खुड्किलो मार्न नसकिरहेको आवस्थामा आगामी दिनमा यसको औचित्यमाथिको प्रश्न र जटिलता थप बढ्दै जाने सभावना देखिन्छ ।

### सार्वजनिक विश्वास र साइबर सुरक्षा

सञ्चार र सूचना प्रविधिलाई समृद्धिको आधार बनाउन त्यसलाई आमसर्वसाधारण, निजी क्षेत्र, विदेशी लगानीकर्ता तथा विकास साझेदारले विश्वास गर्नु अति आवश्यक हुन्छ । यस्तो विश्वासको एक आधार सार्वजनिक विद्युतीय प्रणालीको साइबर सुरक्षा हो, जुन निकै महत्त्वपूर्ण र जटिल विषय रहेको छ । त्यसमा पनि राष्ट्रिय सुरक्षासँग जोडिएको, नागरिकको व्यक्तिगत विवरण र संवेदनशील सूचना संकलन र भण्डारण गर्ने सरकारी वेबसाइट तथा विद्युतीय प्रणाली निकै संवेदनशील र सुरक्षाको दृष्टिले झन् महत्त्वपूर्ण हुन्छन् ।

नेपालमा साइबर सुरक्षाको स्थिति दयनीय रहेको सरकारी प्रतिवेदनहरूले नै औंल्याएका छन् । उदाहरणका लागि, महालेखापरीक्षकको कार्यालयले २०७८ सालमा सूचना प्रविधि लेखापरीक्षण प्रतिवेदन तयार गर्दै राष्ट्रिय सूचना प्रविधि केन्द्रमा तथ्यांकको सुरक्षासम्बन्धमा बहुपक्षीय विश्लेषण र समाधानको उपयुक्त संयन्त्र नहुँदा डेटा सेन्टरका तथ्यांकको पाइरेसी, ह्याकिङ, भाइरस, फिसिङ, मालवेयरजस्ता साइबर जोखिम रहने र 'केन्द्रमा रहेको तथ्यांक सुरक्षा प्रणाली डेटा सेन्टरको अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सुरक्षित र भरपर्दो छ भनी आश्वस्त हुने आधार नरहेको' भनी औंल्याएको थियो । तर, यस्ता जोखिमलाई समयमै सम्बोधन नगर्दा पछिल्ला दिनमा साइबर आक्रमणहरू बढ्दै गइरहेका छन् भने सार्वजनिक डिजिटल सेवा प्रवाह थप असुरक्षित र भर पर्न नसकिने हुन थालेको छ । यसलाई सम्बोधन गर्न नेपालले २०८० सालमा लागू गरेको राष्ट्रिय साइबर सुरक्षा नीतिलाई तत्कालै कार्यान्वयनमा ल्याई त्यसमा उल्लेख भएअनुसारका कानुन तथा संरचना निर्माण र आवश्यक क्षमता विकासमा लगानी गर्नु आवश्यक छ ।

### अबको बाटो

सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बनाउने परिकल्पना गर्दै गर्दा नेपालले समावेशीरूपमा सबै वर्ग, क्षेत्र, लिंग, भाषा र उमेर समूहका नेपालीलाई डिजिटल विकासमा कसरी जोड्ने, इन्टरनेटको अर्थपूर्ण पहुँच कसरी सुनिश्चित गर्ने, इन्टरनेटलाई स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा प्रवाह, आयआर्जन, साना तथा मझौला व्यवसायको प्रवर्द्धन तथा संरक्षणमा कसरी रणनीतिकरूपमा प्रयोग गर्ने भन्नेबारेमा स्पष्टता प्रदर्शन गर्नु महत्त्वपूर्ण हुने छ । त्यसैगरी, इ-गभर्नेन्सलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न, खुला सरकार र खुला शासन प्रवर्द्धन गर्न, सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न र भ्रष्टाचार नियन्त्रणलगायतका लागि इ-गभर्नेन्सलाई प्राथमिकीकरण गर्न जरुरी छ । त्यसका लागि आवश्यक कानुन तथा संयन्त्रको निर्माण तथा गठन, पूर्वाधार विकास, क्षमता अभिवृद्धिका साथै आमजनतामा सूचना तथा प्रविधि साक्षरता प्रवर्द्धन गर्नुसमेत महत्त्वपूर्ण हुने छ ।

साथै, नेपालले राष्ट्रिय सुरक्षाको एक भागका रूपमा रहेको साइबर सुरक्षाको विषयलाई गम्भीरतापूर्वक लिई आवश्यक पूर्वाधार, नीति नियम, संरचना, क्षमता विस्तार, आवधिक सुरक्षा परीक्षण आदि अवलम्बन गरी डिजिटल प्रणालीको सुरक्षा विश्वसनीयता कायम गर्नु पनि अपरिहार्य छ । यी प्रयासहरूलाई प्राथमिकता दिँदै नेपालले आफ्ना सबै नागरिकका लागि समतामूलक डिजिटल सशक्तीकरणको मार्गप्रशस्त गरेमा सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बन्न सक्छ । *रासस*

*(लेखक अधिवक्ता एवं डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक हुन्)*

# सिद्धान्तविनाको राजनीतिले देशलाई फिजी बनाउँछ



■ तुलसीनारायण लाखेमरु

नेपालमा एक जना बालक जन्म हुँदा चन्द्र सूर्य उडेको अन्धकार हट्ने भनेजस्तै दुधे बालकको सन्देश दरबारदेखि गाउँ सहरका घर घरमा धनी गरिब सबैमा अर्तिबुद्धि कहीँ सीप नलाग्ने होइन । नैतिकवान व्यक्ति सुनसरह हुन्छ, हिरासरह हुन्छ । सुन र हिरा कहिल्यै बूढा हुँदैनन्, स्वाभिमानी हुन्छ । सगरमाथाजस्तै अडिक र अटल हुन्छ । असल काम गर्ने हिरा र सुन समान हुन्छन् ।

अमेरिकाको १६औं राष्ट्रपति अब्राहम लिंकनले हजारौं मान्छे बिग्रे पनि त्यति समस्या हुँदैन तर शासक वर्गको एक जना नेता मासु र भातमा बिकेपछि देशै रहँदैन भनेका थिए । विदेशीको लहलहैमा पर्दै देशै बर्बाद हुन्छ । त्यस्तै एक जना पाइलटले सन्तुलन गुमाएको खण्डमा हजारौं यात्रीको अनाहकमा ज्यान जान्छ । त्यस्तै एक जना जहाज क्याप्टेनको विचार ठीक ठाउँमा नभए हजारौं मात्र होइन, देश नै कोलाहल हुन्छ । देशमा सही विचार, नेतृत्वदायी भूमिका खेल्नुको अर्थ सम्मानयोग्य हुन्छ । देशै हराभरा हुन्छ । एक राष्ट्रबाट अर्को राष्ट्रमा पुलको काम गर्छ । विचार र सिद्धान्तले एकआपसमा भूमिका बाँड्छन् । देशमा राम्रो काम गर्ने हुन्छ ।

एक विद्वानले देश नै विद्वान बनाउँछ । गाउँ सहरमा अभिभावकको सोच संस्कार सन्तुलन नभए साराको परिवार विचलन हुन्छ । जस्तैः नुनविनाको तरकारी तरकारी नै हुँदैन, मायाविनाको समाज समाज नै रहँदैन । त्यसैले सजन धन धैर्यता हो । असल मान्छेहरू पनि चिन्नु हो । अहंकार धेरैको ठूलो दुश्मन हो । त्यसैले सुनको सिक्री पनि माटोमा परिणत हुन्छ । मान्छे एकपल्ट जोख्ने, सुन एकपल्ट र एउटा वाक्यले दिमाग सफा हुन्छ । एउटा गीतले पनि हृदय सफा हुन्छ, खुसी हुन्छ । संगीतले आनन्द दिलाउँछ । त्यसैले डाक्टरको गुण धेरै हुन्छन् । इन्जिनियरहरूको पनि ज्ञान सीप अपरिहार्य हुन्छ । गाउँ सहरमा सानो छिमेकीको गल्ती पनि सहनुपर्छ । छिमेकीको देश राम्रो नहोस् भनेर चिन्तन गर्नु हुँदैन । त्यसैले आमाबुवा घर सुनको घर भनिन्छ । छाप्रो घर भए पनि आफ्नै गाउँघर राम्रो हुन्छ । हामी कहाँबाट आएको सही विचार राम्रो चिन्तनले राम्रो फल पाउँछ ।

सही विचार मार्गदर्शन सिद्धान्तले देश अगाडि बढ्छ । सिद्धान्तविना राजनीतिले देशलाई फिजी बनाउँछ, श्रीलंका बनाउँछ । दुई-तीन दशकमा पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति । कहाँ गएर हाम्रो सम्पत्ति जोगाउने हो । संविधानमा समाजवाद नाम उन्मुख छ, सगरमाथा चढ्नेको नाम उच्च छ । बीचबाट ओर्लिने निच छ । नागरिकता विधेयक कसरी पास भयो, एमसिसी कसरी पास भयो । शपथग्रहणको बेलामा नेपालमा अहित हुने काम कहिल्यै नगर्ने वाचा गर्छन् । सही विचार, सही शिक्षा कहिले लिने हो । आफ्नो हातमा हिरा हुञ्जेल हिराको अर्थै सम्झँदैन । अरूको हात पुगेपछि गुहारगुहार भने पनि कसले सहयोग गर्छ र ! भिरबाट लड्ने गाईलाई रामराम मात्र भन्न सकिन्छ, काँध थाप्न को आउछ र ? आखिर पास गर्ने कांग्रेस, एमाले र माओवदीसहित छ दलका नेताहरूसमेत हुन् । गाई राम्रो थुनले, भण्डारी राम्रो नुनले, मान्छे राम्रो गुणले ।



काकाकुल गमगढीवासी | खडेरी र गर्मीले पानीका मुहानहरू सुक्न थालेपछि मुगु सदरमुकाम गमगढी बजारमा पानी भर्नेको घुइँचो।

*तस्बिर: नृपेन्द्रबहादुर मल्ल/रासस*

### मेलम्ची बाढीको तीन वर्ष

# पुनर्निर्माण सुस्त, स्थानीयवासी अझै चिन्तित

**सिन्धुपाल्चोक–** हेलम्बु गाउँपालिका-४ का खिलप्रसाद लामिछानेलाई बर्खायाम सुरु भएसँगै कसरी बच्ने र बचाउने भन्ने चिन्ताले पिरोल्छ । खोलामा सामान्य बाढी आउँदासमेत सडक, विद्यालय र घरहरू उच्च जोखिममा पर्ने भएकाले उनीसहित स्थानीयवासी अहिले चिन्तित छन् ।

२०७८ असार १ गते सिन्धुपाल्चोकको मेलम्ची र इन्द्रावती नदीमा अकल्पनीय बाढी आएको शनिबार तीन वर्ष पूरा भएको छ । असार १ र यसपछिका पटक-पटकका बाढीका कारण ठूलो जनधनको क्षति भएको थियो । नदी तटीय क्षेत्रका सयौं घर र खेतीयोग्य जमिन बगरमा परिणत भएको थियो भने हजारौं नागरिक विस्थापित भएका थिए ।

बाढीले क्षति पुऱ्याएको तीन वर्ष बिते पनि धेरै प्रभावित अस्थायी टहरामै बसिरहेका छन् । उनीहरू सुरक्षित बसोबासको पर्खाइमा छन् । मेलम्ची बाढी प्रभावित मेलम्चीका सन्तोषी श्रेष्ठ यो वर्ष धेरै पानी पर्ने भनिएकाले आनन्दले बस्न नपाउने भएको दुखेसो गर्छन् ।

त्यस्तै मेलम्ची-११ का रमेश श्रेष्ठ बल्लबल्ल गाउँमा घर बनाए पनि सरकारले दिने भनेको अनुदान रकम प्राप्त नभएको गुनासो गर्छन् । तीन वर्षदेखि अस्थायी टहराको सकसपूर्ण जीवनले बाँच्नै गाह्रो भएको बाढी पीडितको भनाइ छ । बाढीका कारण विस्थापित हेलम्बु, मेलम्चीका स्थानीयवासी सुरक्षित ठाउँमा घर कहिले बनाउन पाइएला भन्ने आशामा छन् ।

नदी तटीय क्षेत्रका बासिन्दाको कथाव्यथा पनि उस्तै छ । नदी नियन्त्रणको काम गुणस्तरीय नभएको मेलम्चीका दशरथ दनुवारले गुनासो गरे । बाढीका कारण हेलम्बु गाउँपालिकामा ३९२ जना लाभग्राही कायम भएकामा हालसम्म १०० जनाले मात्र



*फाइल तस्बिर*

पहिलो किस्ता पाएका छन् । त्यस्तै १५ जनाले जग्गा खरिद गरेका छन् । मेलम्ची नगरपालिकामा कायम भएका २४४ लाभग्राहीमध्ये २३२ जनाले पहिलो, ७० जनाले दोस्रो र आठ जनाले मात्र अन्तिम किस्ता पाएका छन् ।

यस्तै पाँचपोखरी थाङपाल गाउँपालिकामासमेत १८४ जना लाभग्राही छन् भने ९२ जनाले खरिद जग्गा गरेका पालिकाले जनाएको छ । सरकारले जग्गा नभएकालाई खरिद गर्न बढीमा तीन लाख र घर बनाउन पाँच लाख तथा अस्थायी आवास बनाउन ५० हजार दिने बताएको छ ।

पाँचपोखरी थाङपाल गाउँपालिका अध्यक्ष टासी लामाले विस्थापित स्थानीयको स्थायी आवास पुनर्निर्माण प्रक्रियामा स्थानीय तहले काम गरे पनि प्रदेश र संघीय सरकारले त्यति चासो नदिएको बताए । उनले भने, 'कार्यविधि परिवर्तनले समस्या भएको तथा समयमै प्रदेश र संघीय सरकारले रकम पनि विनियोजन गरको छैन ।'

नदी नियन्त्रण र व्यवस्थापनका लागि स्थानीय तहको मात्रै प्रयासले नसकिने बाढी प्रभावित मेलम्ची नगरप्रमुख आइतमान तामाङको दाबी छ । हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पाले संघीय र प्रदेश सरकारले हेलम्बु मेलम्ची बाढीप्रभावितलाई पुनःस्थापनामा खासै ध्यान नदिएको गुनासो गर्दै स्थानीय तहले आफ्नो कर्तव्य पूरा गरिरहेको बताए ।

प्राकृतिक विपद्का हिसाबले उच्च जोखिममा रहेको जिल्लामा वर्षायाममा आउने बाढी, पहिरो तथा अन्य विपद् पूर्वसूचना प्रणाली, विपद् प्रतिकार्य योजना एवं सामग्रीको उचित व्यवस्थापनको कमजोरीले पनि बर्सेनि जनधनको क्षति हुने गरेको छ। २०७८ असार १ गतेको बाढीले हेलम्बु गाउँपालिका, मेलम्ची नगरपालिका र पाँचपोखरी थाङपाल गाउँपालिकाको मात्रै ५५१ घर बगाएको थियो । पाँच हजार ४०० रोपनी खेतीयोग्य जमिन बगर बन्यो भने २५ जनाको अकालमा मृत्यु भएको थियो । राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनासँगै सात झोलुंगे पुल, नौ पक्की पुललगायत ३३ संरचना ध्वस्त भएका थिए । *रासस*

# बजेट अभावले क्यान्सर अस्पताल सञ्चालनमा कठिनाइ


**नारायणगढ (चितवन)–** स्थापनाको २७ वर्षपछि १०० शयचाबाट ४५० शयचामा स्तरोन्नति भएको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल सञ्चालनका लागि प्रारम्भ गरिएको स्वास्थ्यकर कोषमा विनियोजित बजेट विगतभन्दा पनि कम प्राप्त हुँदा अस्पताल सञ्चालनमा समस्या भएको छ। अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलका अनुसार १०० शयचाबाट ४५० शयचामा स्तरोन्नति हुनु र सरकारको नीतिअनुसार अस्पतालमा भर्ना भएका सबै बिरामीलाई खाना र शयचा निःशुल्क गरिएको सन्दर्भमा विनियोजित बजेट अपुग भएको बताए ।

कार्यकारी निर्देशक डा. पौडेलले हाल देशमा क्यान्सर विषयमा मात्र अध्ययन-अध्यापन गर्ने गराउने सुपर स्पेसियालिटी प्रतिष्ठानसमेत नभएको उल्लेख गर्दै अस्पताल सञ्चालक समितिबाट प्रतिष्ठानसम्बन्धी प्रस्ताव पास भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेस गरिएको, राष्ट्रिय चिकित्सा आयोगबाट 'सुपर स्पेसियालिटी' अध्यापनका लागि अनुमति लिई तीनवटा विधामा सञ्चालन भएको र हाल क्यान्सरका विभिन्न सात विधामा 'फेलोसिप' कार्यक्रमअन्तर्गत १३ जनाले अध्ययन गरिरहेको जानकारी दिँदै उनले मन्त्रालयले सुपर स्पेसियालिटी प्रतिष्ठान घोषणा गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने बताए ।

विपन्न नागरिक आर्थिक सहायता कोषबाट क्यान्सर रोग उपचारतर्फ उपलब्ध गराइएको रकम न्यून भएको भन्दै डा. पौडेलले क्यान्सरको उपचार पद्धति धेरै महँगो हुने र लामो समयसम्म उपचार गराउनुपर्ने हुँदा सहायता रकम वृद्धि गरी प्रतिबिरामी कम्तीमा पाँच लाख रूपैयाँसम्म पुऱ्याउनुपर्नेमा जोड दिए । रकम वृद्धि गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गरिएको र अस्पतालको पहलमा बागमती प्रदेश सरकारले ५० हजार रूपैयाँ दिने व्यवस्था भएको, लुम्बिनी प्रदेश सरकारले दुई लाख रूपैयाँ दिने सम्झौता गरेको, गण्डकी प्रदेश सरकारसँग एक लाख रूपैयाँ सम्झौता भएको र अन्य प्रदेशहरूसँग पनि छलफलको क्रम रहेको छ ।

कार्यकारी निर्देशक डा. पौडेलले स्वास्थ्य बिमा समितिबाट पाउनुपर्ने रकम भुक्तानीमा विलम्ब हुँदा सेवा सञ्चालनमा कठिनाइ भएको बताए । अस्पताल १०० शयचामा सञ्चालन हुँदा आर्थिक वर्ष २०६९/७० मा प्राप्त बजेट २१ करोड ४२ लाख भएको र त्यसयता ४५० शयचा हुँदा स्वास्थ्य कर कोषको रकम घट्दो क्रममा आई गत आर्थिक वर्षमा २३ करो रूपैयाँमा झरेको उनले जानकारी गराए । उनका अनुसार गत आर्थिक वर्षको सञ्चालन खर्च ९२ करोड ९२ लाख २७ हजार रूपैयाँ रहेको छ । गत आर्थिक वर्षमा आन्तरिक स्रोतबाट ४८ करोड ८८ लाख ९६ हजार रूपैयाँ आम्दानी भएको थियो । *रासस*

# मुक्त हलिया पुनःस्थापनाको नीति निर्माण गर्ने प्रतिबद्धता



**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिकाले मुक्त हलिया पुनःस्थापनाका लागि नीति निर्माण गर्ने प्रतिबद्धता जनाएको छ । शनिबार यहाँ आयोजित एक कार्यक्रममा यस्तो प्रतिबद्धता व्यक्त गरिएको हो ।

राष्ट्रिय मुक्त हलिया समाज महासंघ र राष्ट्रिय हलिया मुक्ति समाज कञ्चनपुरले संयुक्तरूपमा आयोजना गरेको मुक्त हलिया पुनःस्थापनाका लागि नीति तर्जुमासम्बन्धी छलफल कार्यक्रमका सहभागी जनप्रतिनिधिहरू मुक्त हलिया पुनःस्थापनाका लागि आवश्यक कार्यविधि, निर्देशिकालगायत निर्माण गर्न सहमत भएका हुन् ।

नगरप्रमुख रणबहादुर महराले मुक्त हलिया पुनःस्थापनाका लागि खरिद गरिएको जग्गाको छानबिन हुनुपर्ने बताए । 'आवास नै निर्माण हुन नसक्ने जग्गा कुन विधि र प्रक्रियाबाट खरिद गरियो,' उनले भने, 'यसको पहिला छानबिन गरौं, त्यसपछि मुक्त हलिया पुनःस्थापनाका लागि आवश्यक पर्ने नीति निर्माणतर्फ लागौं ।'

पुनःस्थापनाका लागि कस्तो नीति आवश्यक पर्छ, आवश्यकताका आधारमा नीति निर्माण गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले पुनःस्थापनाका लागि खरिद गरिएको जग्गाको व्यवस्थापन गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिए ।

नगर उपप्रमुख कल्पना पन्तले आवास नै नबन्ने किसिमले किन जग्गा खरिद गरियो त्यसको छानबिन गरी टुंगोमा पुऱ्याएर मात्रै नीति निर्माणतर्फ लाग्नुपर्ने बताइन् । 'आवास बन्ने वातावरण भए नगरपालिकाले आवश्यक बजेट विनियोजन गर्दथ्यो,' उनले भनिन्, 'प्राविधिक त्रुटि हुँदा जग्गा खरिदको रकम 'फ्रिज' भएको छ ।'

गत आवमै आवास निर्माण सुरु गर्न ५० लाख रूपैयाँ विनियोजन गरेको जानकारी दिँदै उनले सो जग्गामा आवास बन्न नसक्ने प्राविधिकले सल्लाह दिएपछि काम रोकिएको बताइन् । वडा नं ११ का वडाअध्यक्ष शेरबहादुर साउदले मुक्त हलिया पुनःस्थापनाका लागि कार्यविधि बनाउँदै गरौं, जग्गा खरिदको छानबिन पनि अगाडि बढाउँदै लैजानुपर्ने बताइन् ।

कार्यक्रममा वडा नं ९ का वडाअध्यक्ष रमेशबहादुर ऐरले मुक्त हलियाको पुनःस्थापनाका लागि कार्यविधि बनाएर कार्य अगाडि बढाउनका लागि आगामी कार्यपालिकामा प्रस्ताव पेस गरिने बताए । २५ जना मुक्त हलियाको सुरक्षित आवास निर्माणका लागि चार वर्षअघि नगरपालिकाले जग्गा खरिद गरेको थियो ।

प्रत्येक परिवारलाई सात धुर जग्गाको जग्गाधनी प्रमाणपत्र पनि उपलब्ध गराइएको छ । खरिद गरिएको जग्गाको मोहडा साँघुरो हुँदा आवास निर्माण हुन सकेको छैन ।

राष्ट्रिय हलिया मुक्ति समाज कञ्चनपुरका अध्यक्ष सिवी लुहारले प्राविधिक त्रुटिका कारण मोहडा साँघुरो राखेर कित्ताकाट गर्दा समस्या आएको बताए । 'तत्कालीन समयमा समस्या समाधानका लागि पहल गर्दा जनप्रतिनिधिको पदावधि सकियो, त्यसपछि पुनःस्थापनाको कार्यले गति लिन सकेन,' उनले भने, 'प्रक्रियामा जानु पऱ्यो, प्रक्रियामा गएमात्रै समस्याको समाधान हुन्छ ।' मुक्त हलिया पुनःस्थापनाका लागि संस्थासँग त्यसबेला कुनै छलफल भने नभएको उनको दाबी छ ।

राष्ट्रिय मुक्त हलिया समाज महासंघका कार्यकारी निर्देशक हरिसिंह बोहराले मुक्त हलिया पुनःस्थापनाका लागि कार्यविधि पारित गर्नुपर्ने र नगरपालिकाको आगामी नीति तथा कार्यक्रम र बजेटमा मुक्त हलियाका सवाललाई सम्बोधन गर्नुपर्ने बताए । उनले सुदूरपश्चिम र कर्णाली प्रदेशमा रहेका मुक्त हलिया पुनःस्थापना, जग्गा खरिद, घर निर्माण, घर मर्मत, परिचयपत्र पाए नपाएकाबारे कार्यक्रममा जानकारी दिएका छन् । मुक्त हलियाका पक्षमा स्थानीय सरकारले ऐन, नियम, निर्देशिका र कार्यविधि निर्माण गर्न सक्ने संवैधानिक र कानुनी आधारहरूबारे उनले जानकारी दिएका थिए । *रासस*


**गौरीशंकर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुरी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति:२०८१/०३/०२**

दोलखा जिल्ला, गौरीशंकर गाउँपालिका कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | दोलखा जिल्ला, गौरीशंकर गाउँपालिका अन्तर्गत क्षेत्रमा पर्ने निम्न सडक निर्माण कार्यको लागि गरिने प्रारम्भिक वातावरणीय परिक्षण १. तिनेखाऊ भोर्ले सडक (५.२८३ कि.मि.) |
| **प्रभाव पर्न सक्ने गाउपालिकाको क्षेत्रहरू** | दोलखा जिल्ला, गौरीशंकर गाउँपालिका वडा नं. ५ अन्तर्गतको क्षेत्रहरू |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो योजनाले प्रभाव पार्ने गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकार वाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| **प्रस्तावकको नाम र ठेगाना :** | **परामर्शदाताको नाम र ठेगाना :** |
|---|---|
| गौरीशंकर गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>सुरी, दोलखा<br>बागमती प्रदेश, नेपाल | स्पेस इन्जिनियरिङ सेर्भिसेस प्रा.लि.<br>मध्यपुर ठिमी, भक्तपुर, नेपाल |

प्रभाव दैनिक

आइतबार ०२, असार २०८१ (Sunday, June 16, 2024)

रूपशाला

## बस्नेतलाई 'लाइफटाइम अचिभमेन्ट' प्रदान

वरिष्ठ लोकगायक कुमार बस्नेतलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' बाट सम्मानित गरिएको छ । दरबारमार्ग स्थित दरबार रोधी क्लबले आफ्नो १६ औं वार्षिकोत्सवको अवसरमा आयोजित एक कार्यक्रममा बस्नेतलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङले उक्त सम्मान प्रदान गरेका हुन् । लोक गायनको क्षेत्रमा बस्नेतले पुऱ्याएको योगदानको कदर गर्दै सम्मान प्रदान गरिएको हो । कार्यक्रममा गायक बद्री पङ्गेनी, कृष्ण आँसुलगायतले 'विशेष सम्मान' प्राप्त गरे ।



# इन्टरनेशनल पेजेन्ट एण्ड फेसन क्लबको अध्यक्षमा फैजु



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली मोडल तथा अन्तराष्ट्रिय फेसन कोच राज फैजु इन्टरनेशनल पेजेन्ट एण्ड फेसन क्लबको अध्यक्ष चुँनिएका छन् । मलेसियाको कोटाकिना बालु सहरमा आयोजित नेपाल सहित इन्डिया, मलेसिया, फिलिपिन्स, साउथ कोरिया, इन्डोनेसियालगायत दर्जन बढी देशका 'इन्टरनेशनल पेजेन्ट एण्ड फेसन क्लब'का राष्ट्रिय निर्देशकहरूको भेलाले फैजुलाई अध्यक्ष चुनेका हुन् ।

'इन्टरनेशनल पेजेन्ट एण्ड फेसन क्लबको' उदेश्य अन्तराष्ट्रिय क्षेत्रमा गुणस्तरिय पेजेन्ट तथा फेसन शोका कार्यक्रमहरू आयोजना गर्ने रहेको छ । क्लब मार्फत नेपालमा अन्तराष्ट्रिय स्तरका पेजेन्ट र फेसनका कार्यक्रम भित्र्याएर नेपालको पर्यटन र संस्कृतिको प्रवर्द्धन गर्ने आफ्नो लक्ष्य रहेको फैजुले बताए ।

क्लबले पर्यटन र संकृतिको अलवा बिभिन्न देशका राष्ट्रिय निर्देशहरू समन्वय गरेर पेजेन्स र फेसन उद्योगलाई पछिल्लो समयको ट्रेन अनुसार कसरी लाने, गुणस्तिरिय कसरी बनाउने र फेसन मार्फत आफ्नो देशको भेषभुषा अन्तराष्ट्रिय मञ्चमा चिनाउने भन्ने बिषयमा पनि काम गर्नेछ । त्यस्तै आ-आफ्नो देशको महत्व बोकेको संस्कृति । हेरिटेजलगायतलाई फेसन मार्फत अन्तराष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै आफ्ना देशका डिजाइनलाई अन्तराष्ट्रिय प्लेटफर्ममा चिनाउन समेत जोड दिनेछ ।

पेजेन्टमा भएको नराम्रो चिजहरूलाई छलफल मार्फत हल गरि ट्रेनिङ, टक्नोलोजी लगायतका बिषयमा समयसापेक्षा र स्तयिय कसरी बनाउने भन्नेमा समेत काम गर्नेछ ।

बिभिन्न देशका सास्कृतिक लगायत हरेक पाटोको आदानप्रदान पनि यसले आफ्नो उदेश्यमा राखेको फैजुले जानकारी दिए । 'बिभिन्न देशमा संस्थाको नेटवर्क बिकास गरेर पेजेन्ट र फेसनलाई विश्वामा पुऱ्याउनु पनि हो' फैजुले थपे ।

फैजु करिब १५ बर्षदेखि रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सी मार्फत नेपालमा बिभिन्न सौन्दर्य प्रतियोगीता तथा फेसन शोहरू आयोजना गर्दै आएका फैजु अन्तराष्ट्रिय म्युजिक भिडियो अभिनयको अलवा बिभिन्न ब्याण्डसँग समेत आवद्ध छन् ।

# 'सबै खाले गीतसंगीत हिसावले राम्रै हुन्छ'



नेपाली गीतसंगीतको क्षेत्रमा पृथक पहिचान स्थापित गराउन सफल गायक हुन् महेन्द्रराज बराल । बिग आइकोन २०११ बाट नेपाली सांगीतिक क्षेत्रमा प्रवेश गरेका बराल टप ७ बाट बाहिरए पछि उनले २०१५ मा 'तिमि कहाँ' बोलको पहिलो गीत रेकर्ड गराएका थिए । कास्की पोखराका स्थानिय वासिन्दा बरालले पहिलो सिजन नेपाल आईडल र दोस्रो सिजनमा समेत सहभागिता जनाएका थिए । अहिलेका ब्यस्त गायकको पहिचान बनिसकेका गायक बराल एकपछि अर्को गीतमा स्वर भर्न ब्यस्त रहदै आएका छन् । बरालका केही चलेका गीतहरूमा सानु माया, गयौं मलाई ढाटि, आँशुको मूल, तिमीलाई उपहार, जोगी, बोलिदेउ सान्नानी, नभए साहारा, रूमालै चिनो, साँचो मायाँ गर्छु भन्नेलाई, मोटर बाटो, ए झरी लगायत रहेका छन् । उनले हालै म्युजिक भिडियो निर्देशक समाजबाट मानर्थ सम्मान पाएका छन् भने पाँचौं ज्योती फिल्मस म्युजिक अवार्ड, हिमालयन इन्टरनेशनल अवार्ड लगायत दर्जनौ अवार्ड तथा सम्मानबाट सम्मानित भइसकेका छन् । कुशल गायक बरालसँग **प्रभाव दैनिक**का लागि गरिएको संक्षिप्त कुराकानीः

○ **यतिबेला प्रत्यक्ष दोहरीमा बिकृतीको बारेमा बहस चलिरहेको छ यसमा के भन्नु हुन्छ ?**

– लोक संगीत, पप संगीत आधुनिक संगीत, शास्त्रीय संगीत आदिको आफ्नो बैग्लै अस्थित्व नेपाली सांगीतिक फाँटमा रहेको छ । तर पनि पछिल्लो समयमा नेपाली सांगीतिक क्षेत्रमा विभिन्न खालका विकृती विसंगती हाबी हुनु यो राम्रो कुरा होइन ।

○ **यसको कारण के हुन सक्छ ?**

– पश्चिमेली संगीतको प्रभाव र तुरुन्तै चर्चामा आउन खोज्ने संगीतकर्मीको आकांक्षाका कारण संगीत क्षेत्र विकृती तथा विसंगतिको घेरामा पर्नु मुख्य कारण हो जस्तो लाग्छ मलाई ।

○ **यसो हुन नदिनको लागि के गर्नु पर्ला ?**

– हाम्रो गौरवको रूपमा रहेका नेपाली मौलिक भाकालाई संरक्षण गर्नुपर्ने हामी सबैको कर्तव्य हो । यसको लागि संगीतकर्मीहरू एकजुट हुनुपर्ने देखिन्छ । आफ्नो बेग्लै पहिचान बोकेको हाम्रो मौलिकता माथी प्रहार हुनदिनुहुदैन । यस्ता खाले बिकृतीबाट जोगाउँदै नेपाली सांगीतिक फाँटको विरासतलाई जोगाउदै नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने हाम्रो दायित्व हुन आउँछ ।

○ **गीतसंगीतको संरक्षण र श्रष्टाको हकहितको लागि खोलिएका संघसंस्थाहरूको भूमिका कस्तो हुनुपर्छ ?**

– गीत संगीतको संरक्षण तथा प्रर्वद्धनको लागि खोलिएका संघ संस्थाहरू क्रियाशिल बनेर त्यस्ता गीतलाई बजारमा आउन नदिन र बजारमा ल्याएको खण्डमा कारवाही गर्नुपर्छ । विकृती विसंगती रोक्न गीत संगीतको क्षेत्रमा पनि सेन्सर लागु गर्नुपर्छ । यो कुराको सुधार हुनु अति आवश्यक भैसकेको छ ।

○ **पछिल्लो समय कस्ता गीतसंगीतले बजार पाइरहेको छ ?**

– पहिलेको जस्तो वर्षौ श्रोताको मनमस्तिष्कमा बस्ने खालको गीतसंगीत बन्न छाडिसकेको छ । एउटा गीतले बजार पिटिरहेको समयमा अर्को गीत आउँना साथ पहिलो ओझेल पर्ने गर्छ र यो सिलसिला निरन्तर चलिरहेको छ । सबै खाले गीतसंगीत आआफ्नो हिसावले राम्रै हुन्छ र पनि पछिल्लो समय नेपाली लोक सैलिलाई अलिबढी मन पराएको होकी जस्तो लाग्छ ।

○ **संगीतमा लागेर जिवीकोपार्जन गर्न सम्भव छ ?**

– यसमा लगनशिलता, धैर्यता र मिहेनत आवश्यक पर्छ । जुन बिद्यामा लागिन्छ त्यसमा निष्ठापुर्व अनि इमान्दारीताका साथ लागिपर्ने हो भने सम्भव छ ।



युरोकप-२०२४

# स्वीट्जरल्यान्डद्वारा हंगेरी पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वीट्जरल्यान्डले हंगेरीलाई हराउँदै युरो २०२४ मा विजयी सुरुवात गरेको छ । समूह ए अन्तर्गतको खेलमा स्वीट्जरल्यान्ड ३-१ गोलले विजयी बन्यो ।

खेलको १२ औं मिनेटमा क्वाडवो डुआले स्वीस टोलीलाई अग्रता दिलाएका थिए । पहिलो हाफको अन्त्यमा मिकेल एबिस्चरले टोलीको अग्रता दोब्बर बनाए ।

दोस्रो हाफमा बर्नबास भार्गाले गोल गर्दै हंगेरीलाई खेलमा फर्काउने प्रयास गरे । तर, इन्जुरी समयमा ब्रिल इमबोलोले गोल गर्दै स्वीस टोलीलाई तीन अङ्क सुनिश्चित गरे । समूहमा गोलअन्तरको आधारमा आयोजक जर्मनी शीर्ष स्थानमा छ । स्वीट्जरल्यान्ड समान अङ्कसहित दोस्रो स्थानमा छ ।



# ठमेलमा बास्केटबल प्रतियोगिता सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं –** माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका विद्यार्थीलाई हौसला प्रदान गर्न ठमेलमा बाँस्केटबल प्रतियोगिता आयोजना गरिएको छ । 'बन टु हुप क्लब' को आयोजनामा आजदेखि गोदावरी अल्मुनाई एशोसियशनको सभाहल ठमेलमा सुरु भएको प्रतियोगितामा २३ समूहको सहभागिता रहेको छ ।

प्रतियोगिताको शुभारम्भ गर्दै काठमाडौं महानगरपालिका-२६ का वडा सदस्य प्रवेश श्रेष्ठले राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न यस्ता प्रतियोगिताले सहयोग पुग्ने विश्वास व्यक्त गरे । 'खेलकुदको माध्यमबाट युवालाई



अनुशासित बनाउनका साथै स्वस्थ्य शरीर र मस्तिष्कको विकास गर्न, समग्र खेल क्षेत्रको उत्थान गनए प्रतियोगिताले सहयोग पुग्नेछ', उनले भने ।

प्रतियोगितामा १७ पुरुष र छ महिला समूह सहभागी छन् । २ दिन सञ्चालन हुने प्रतियोगितामा पुरुषतर्फ प्रथम समूहलाई रु २० हजार ट्रफी, मेडल र प्रमाणपत्र र दोस्रोलाई रु १० हजार ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

महिलातर्फ प्रथम हुनेलाई रु १५ हजार ट्रफी, मेडल र प्रमाणपत्र र दोस्रो हुने समूहलाई रु सात हजार ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने प्रतियोगिताका संयोजक सोजेश मालाकारले जानकारी दिए । पुरुष र महिलातर्फ उत्कृष्ट खेलाडीलाई ट्रफि प्रदान गरिने आयोजकले जनाएको छ ।

संयोजक मालाकारले प्रतियोगिताले बाँस्केटबल खेलको विकास गर्दै खेलाडीलाई हौसला प्रदान गर्न सहयोग पुग्ने बताए ।

# कास्की र तनहुँको लगातार जित

■ प्रभाव संवाददाता




**पोखरा–** गण्डकी प्रदेशस्तरीय ट्वान्टी-२० पुरुष क्रिकेट प्रतियोगितामा कास्की र तनहुँले लगातार जित निकालेका छन् । पोखरा रंगशालामा जारी प्रतियोगिताको दोस्रो दिन पनि कास्की र तनहुँले आ-आफ्नो खेल जितेका हुन् । शनिबारको पहिलो खेलमा घरेलु टोली कास्कीले म्याग्दीविरुद्ध सहज सात विकेटले जित निकाल्दा तनहुँले बागलुङविरुद्ध कठिन जित निकालेको छ । जितका लागि १२४ रनको लक्ष्य पछ्याउने क्रममा अन्तिम दुई बल बाँकी हुँदा तनहुँले जित निकालेको हो ।

पहिलो खेलमा म्याग्दीले टस जितेर ब्याटिङको इनिङ्सको सुरुआत गर्दै १८.५ ओभरमा १० विकेट गुमाउँदै ७५ रनमा समेटियो । कास्कीका कृष्ण पौडेलको धारिलो बलिङमा म्याग्दी चार जनालाई पेभिलियन फर्काए । म्यान अफ द म्याचसमेत रहेका कृष्णले ३.३ ओभरको बलिङ स्पेलमा १७ रन दिएर चार विकेट हात पारे । म्याग्दीका लागि केशव साउदले २७ बलमा १६ रनबाहेक अन्य खेलाडीले दोहोरो अंक छुन सकेनन् । म्याग्दीको इनिङ्समा कास्कीले २२ एक्स्ट्रा रन दिएको थियो ।

कास्कीका लागि सिब्रिन श्रेष्ठ र विश्वास पराजुलीले समान २-२ विकेट लिए भने विपिन खत्री र आदित्य थापाले १-१ विकेट लिए । यता, कास्कीका लागि जवाफी ब्याटिङ गर्दै अर्जुन कुमालले ३१ बलमा ५ चौका प्रहार गर्दै ३६ रन बनाएर नटआउट रहे भने अर्का ओपनर सोहेल कुँवर भने शून्य रनमा आउट भए ।

तीन बलको सामना गरेका सोहेल आयुष खत्रीको बलमा विशाल आचार्यको हातबाट क्याच आउट भए । कास्की सिब्रिन श्रेष्ठ १० बलको सामना गर्दै एक छक्का र दुई चौकाको सहयोगमा १६ रनको योगदान दिए । ११ बल खेलेका रोहित चन्द एक छक्का र एक चौका प्रहार गर्दै व्यक्तिगत २१ रन बनाए । तर आयुष सैंजु भने एक रनमा पेभिलिएन फर्किए । बागलुङका केशव साउदले १५ रन खर्चिएर २ विकेट लिए ।

दोस्रो खेलमा टस जितेर तनहुँले बागलुङलाई पारीको सुरुआत गर्न निम्तो दियो । बागलुङले पुरै २० ओभर खेल्दै ९ विकेटको क्षतिमा १२३ रन बनायो । बागलुङको पारी सुरुवातमा नै दबाबमा पऱ्यो । ओपनरद्वय अर्जुन रायमाझी १ र किसन सुनार शून्यमा आउट भएका थिए । तेस्रो क्रममा बागलुङका लागि इनिङ्स सम्हाल्दै कप्तान आराश तामाङले ३० बलको सामना गर्दै ५ चौका र एक छक्काको सहयोगमा व्यक्तिगत ३५ रनको योगदान दिए । चन्द्रदीप यादवले २५ रन बनाए । उनले समान २ चौका र २ छक्का प्रहार गरे । टिमका लागि अनिश जिशीले १६ रनको योगदान दिंदा विवेक नेपालीले १७ रन जोडे ।

तनहुँका लागि कृश ऐरले ३ ओभरमा १२ रन खर्चिएर २ विकेट लिए भने चन्द्रकान्त पौडेलले २ विकेट लिए । यता, तनहुँ जितका लागि १२४ रन पछ्याउँदा अन्तिम ओभरको चौथो बलमा जितको यात्रा तय गऱ्यो । खेल १९.४ ओभर सम्म आइपुग्दा तनहुँले ८ विकेट गुमाइसकेको थियो ।

उपहारको रूपमा तनहुँले २४ रन एक्स्ट्रा पायो भने ब्याट्सम्यानहरूले खेलमा १ सय रन जोडेका थिए । खेलमा म्यान अफ द म्याचसमेत रहेका चन्द्रकान्त पौडेलले टिमका लागि सर्वाधिक २२ रनको योगदान दिए । सदित्य बन्जाराले १९ र समीर कँडेलले १५ रन मात्रै जोडे । तनहुँका सदित्य र इशान श्रेष्ठ रिटायर्ड हर्ट हुँदै पेभिलिएन फर्किएका थिए । इशानले ३ रन मात्रै जोडे । बागलुङका लागि आश्विन थापाले २ विकेट लिए ।

यो जितसँगै कास्की र तनहुँले समान ४-४ अंक बटुलेका छन् भने म्याग्दी र बागलुङ जितको प्रतीक्षामा छन् । आइतबार कास्की र तनहुँका बीचमा पहिलो खेल र दोस्रो खेल बागलुङ र म्याग्दीका बीचमा हुनेछ ।

१०औं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक टिम छनोटसमेत रहेको प्रतियोगितामा विजेता टिमलाई १ लाख र उपविजेता टिमलाई ५० हजार रूपैयाँका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए । यसैगरी महिलातर्फ हुने प्रतियोगिता असार ७ देखि १० गतेसम्म सञ्चालन हुनेछ ।



दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रको राजधानी ल्हासाको एउटा पार्कमा शुक्रबार सम्पन्न दोस्रो गुओभ्फुआङ नृत्य प्रतियोगिताको दृश्य । गुओभ्फुआङ सर्कलमा गाउने र नाच्ने एक परम्परागत तिब्बती नृत्य हो । *तस्बिर: सिन्ह्वा*

# अस्ट्रेलियासँगको 'मतभेद हटाउन' चिनियाँ प्रधानमन्त्री लीको आग्रह

**सिडनी–** चीनका प्रधानमन्त्री ली छ्याङले शनिबार आर्थिक अवसरहरूको वाचामा केन्द्रित भ्रमणको सुरुआत गर्दै अस्ट्रेलियासँगको 'मतभेदहरू हटाउन' आह्वान गरेका छन् । चारदिने कूटनीतिक भ्रमणका लागि एडिलेडमा अवतरण गरेपछि प्रधानमन्त्री लीले चीनद्वारा प्रमुख अस्ट्रेलियाली निर्यातहरूविरुद्ध दण्डात्मक व्यापार प्रतिबन्ध हटाएसँगै मेलमिलापको प्रस्ताव गरे ।



'पारस्परिक सम्मान र साझा आधार खोज्दै मतभेदहरू मेटाउने चीन-अस्ट्रेलिया सम्बन्धमा पारस्परिकरूपमा लाभदायक सहयोगका रूपमा रहेको बहुमूल्य अनुभवलाई अगाडि बढाउनुपर्छ,' उनले लिखित आगमन वक्तव्यमा भने, 'अधिक परिपक्व, स्थिर र फलदायी व्यापक रणनीति साझेदारी दुवै मुलुकका जनताद्वारा साझा गरेको खजाना हुने छ ।'

राष्ट्रपति सी चिनफिङपछि चीनको दोस्रो सबैभन्दा शक्तिशाली नेता ली संसाधन सम्पन्न महादेश अस्ट्रेलियामा आफ्नो कूटनीतिक मिसनको सुरुआतमा एडिलेड पुगेका छन् । उनी सन् २०१७ पछि अस्ट्रेलियाको भ्रमण गर्ने उच्च पदस्थ चिनियाँ अधिकारी हुन् ।

चीनले पूर्व कन्जरभेटिभ सरकारसँग कूटनीतिक मतभेदका क्रममा सन् २०२० मा वाइन, काठ, जौ र गाईको मासु निर्यातमा लगाइएको व्यापार प्रतिबन्धलाई क्रमशः हटाएको छ । यी उपायले अस्ट्रेलियाली निर्यातकहरूलाई प्रतिवर्ष २० अर्ब अस्ट्रेलियन डलर (१३ अर्ब अमेरिकी डलर) खर्च गर्ने अनुमान गरिएको छ । सन् २०२२ मा प्रधानमन्त्री एन्थोनी अल्बानिजको सरकार सत्तामा आएपछि र बेइजिङप्रति नरम कूटनीतिक दृष्टिकोण अपनाएपछि दुवै मुलुकबीच आर्थिक सम्बन्धमा सहजता आएको छ । *रासस/एएफपी*

# वेस्ट ब्यांक बढ्दो स्वास्थ्य संकटमा रहेको डब्ल्युएचओको चेतावनी



**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले शुक्रबार कब्जामा रहेको वेस्ट ब्यांकमा बढ्दो स्वास्थ्य संकटको घोषणा गरेको छ । बढ्दो प्रतिबन्ध, हिंसा र स्वास्थ्य पूर्वाधारमा आक्रमणले वेस्ट ब्यांकको स्वास्थ्य पहुँचमा बाधा पुऱ्याइरहेको स्वास्थ्य संगठनले बताएको छ ।

संयुक्त राष्ट्र स्वास्थ्य संगठनले एक विज्ञप्तिमार्फत वेस्ट ब्यांकमा नागरिकको तत्काल, सक्रिय सुरक्षा र स्वास्थ्य सेवाका लागि आह्वान गरिरहेको छ । अक्टोबर ७ मा गाजामा युद्ध सुरु भएदेखि पूर्वी जेरुसेलमसहित वेस्ट ब्यांकमा जुन १० सम्ममा १२६ बालबालिकासहित ५२१ जना प्यालेस्टिनीको मृत्यु भएको उल्लेख गरिएको छ ।

प्यालेस्टिनी अधिकारीहरूले गाजा युद्ध सुरु भएदेखि कम्तीमा ५४५ जना प्यालेस्टिनी इजरायली सेनाद्वारा मारिएको भन्दै वेस्ट ब्यांकको मृत्युको संख्या अझ बढ्ने जनाएका छन् । मृत्युको अतिरिक्त ८०० बालबालिकासहित पाँच हजार २०० भन्दा बढी व्यक्ति घाइते भएको बताउँदै डब्ल्युएचओले 'पहिले नै तनावग्रस्त स्वास्थ्य सुविधामा आघात र आपत्कालीन स्वास्थ्य पहुँच'मा जोड दिएको छ ।

सन् १९६७ देखि इजरायलले कब्जा गरेको वेस्ट ब्यांकले एक वर्षभन्दा बढी समयदेखि हिंसा खेपिरहको छ । डब्ल्युएचओले शुक्रबार वेस्ट ब्यांकमा स्वास्थ्य सेवामा आक्रमण थप बढिरहेको बताएको छ । अक्टोबर ७ देखि मे २८ का बीचमा वेस्ट ब्यांकमा स्वास्थ्य सुविधा, एम्बुलेन्स, स्वास्थ्यकर्मी र बिरामीलाई हिरासतमा लिएर ४८० वटा आक्रमण भएको डब्ल्युएचओले तयार पारेको दस्तावेजले जनाएको छ ।

एकै समयमा, चेकपोइन्ट बन्द, बढ्दो असुरक्षा, र सम्पूर्ण समुदायको घेराबन्दीका कारण वेस्ट ब्यांकको स्वास्थ्य पहुँचलाई अझ गाह्रो बनाएको थियो । अक्टोबर ७ देखि पूर्वी जेरुसेलम र इजरायल जान प्रतिबन्ध लगाएसँगै वेस्ट ब्यांकका नागरिकको स्वास्थ्य सुविधामा गम्भीर असर परेको छ । *रासस/एएफपी*

# युक्रेनका लागि एक अर्ब ५० करोड डलर सहायता घोषणा

**वासिङ्टन–** अमेरिकाले युक्रेनका लागि एक अर्ब ५० करोड डलरको नयाँ सहायता घोषणा गरेको छ । उपराष्ट्रपति कमला हचारिसले शनिबार रुसी आक्रमणको दुई वर्षभन्दा लामो समयपछि मुख्यरूपमा युक्रेनको ऊर्जा क्षेत्र र मानवीय सहायताका लागि उक्त सहयोग घोषणा गरिन् ।



स्वीट्जरल्यान्डको लक्जरी बर्गेनस्टक माउन्टेन रिसोर्टमा दुई दिने शान्ति शिखर सम्मेलनमा सहभागी भएकी हचारिसले उक्त सहायतामा ५० करोड डलर नयाँ कोष समावेश भएको जानकारी दिइन् । यसअघि घोषित युएसएआइडी कोषमा थप ३२ करोड ४० लाख डलर पनि आपत्कालीन ऊर्जा आवश्यकताहरू पूरा गर्नका लागि पुनःनिर्देशित गरिने छ ।

'यो कोषले युद्धमा क्षतिग्रस्त ऊर्जा पूर्वाधारको मर्मत गर्ने छ, विद्युत् उत्पादनको विस्तार गर्ने छ, निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने छ र ऊर्जा पूर्वाधारको संरक्षण गर्ने छ,' उपराष्ट्रपति हचारिसले एक वक्तव्यमा भनिन्, 'यी प्रयासहरूले युक्रेनलाई मर्मत र पुनःप्राप्तिको समर्थन गरेर, ऊर्जा आपूर्ति व्यवधानप्रति युक्रेनको लचिलोपनमा सुधार गरेर र ऊर्जा प्रणालीको मर्मत तथा विस्तारका लागि आधार तयार गरेर उसको पूर्वाधारमा रुसको पछिल्लो आक्रमणलाई जवाफ दिन सहयोग प्राप्त हुने छ ।'

युएसएआइडी र विदेश मन्त्रालयको नयाँ प्याकेजमा ३७ करोड ९० लाख डलरभन्दा बढी मानवीय सहायता सामेल छ । 'यसले युक्रेनी जनताविरुद्ध रुसको क्रुर युद्धबाट प्रभावित शरणार्थीहरू, आन्तरिकरूपमा विस्थापितहरू र द्वन्द्वप्रभावित समुदायहरूको तत्कालको आवश्यकता पूरा गर्न मद्दत गर्ने छ,' हचारिसले भनिन् । उनका अनुसार कांग्रेसको समर्थनमा विदेश मन्त्रालयले युक्रेनी नागरिक सुरक्षा सहायतामा थप ३० करोड डलर प्रदान गर्ने छ ।

'यो समर्थनले उनीहरूलाई युक्रेनी क्षेत्रको रक्षा गर्न, क्रेमलिनको आक्रमणबाट लक्षित नागरिकलाई बचाउन, महत्त्वपूर्ण पूर्वाधारको संरक्षण गर्न र युद्ध अपराध तथा अन्य अत्याचारका एक लाख २० हजारभन्दा बढी दर्ता भएका मुद्दाहरूको अनुसन्धान गर्न सुरक्षितरूपमा युद्धको अग्रमोर्चामा काम गर्न सहयोग गर्ने छ,' उपराष्ट्रपति हचारिसले भनिन् । *रासस/एएफपी*

# युक्रेन शान्ति शिखर सम्मेलनमा भाग लिन विश्व नेताहरू प्रस्थान

**लुसर्न (स्वीट्जरल्याण्ड)–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मस्कोसँग शान्ति वार्ता चाहेको खण्डमा कियभलाई प्रभावकारीरूपमा आत्मसमर्पण गर्न माग गरेपछि युक्रेनमा शान्तिसम्बन्धी पहिलो शिखर सम्मेलनका लागि विश्वका नेता शनिबार स्वीट्जरल्याण्ड पुगेका छन् । बर्गेनस्टक रिसोर्टमा हुने दुई दिने सम्मेलनमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र ५० भन्दा बढी अन्य राष्ट्र र सरकार प्रमुखको सहभागिता रहने छ । तर, रसियाले भने भाग लिने छैन ।

स्वीट्जरल्यान्डले मस्कोलाई संलग्न गरी शान्तिको मार्गका लागि प्रारम्भिक आधार तयार पार्ने लक्ष्य राखेको थियो तर रुसी राष्ट्रपति पुटिनले शुक्रबार शिखर सम्मेलनलाई 'सबैलाई विचलित गर्ने चाल' भन्दै प्रतिकार गरेका छन् । उनले कियभले पूर्व र दक्षिणबाट आफ्नो सेना फिर्ता लिए र नाटो सदस्यताको त्यागेमा 'तुरुन्तै' शान्ति वार्ता सुरु गर्ने बताए ।

जेलेन्स्कीले पुटिनको मागलाई नाजी जर्मनीका तानाशाह एडोल्फ हिटलरको सम्झना दिलाउने क्षेत्रीय 'अल्टिमेटम' का रूपमा आलोचना गरेका छन् । नाटो र संयुक्त राज्य अमेरिकाले पनि रुसको यो कठोर सर्तलाई अस्वीकार गरेको हो । *रासस/एएफपी*

# चीनमा तट रक्षासम्बन्धी नयाँ नियम लागू

**सांघाई–** चीनमा शनिबारदेखि लागू हुने नयाँ चीन तटरक्षासम्बन्धी नियमले अधिकारीलाई दक्षिण चीन सागरको विवादित क्षेत्रमा विदेशीहरूलाई विनाकुनै परीक्षण ६० दिनसम्म हिरासतमा राख्न अनुमति दिने भएको छ । बेइजिङले अनलाइन प्रकाशित गरेको नियमअनुसार चीनको तटरक्षकले शनिबारदेखि सीमा प्रवेश र निकासको व्यवस्थापन उल्लंघन गरेको शंकामा विदेशीलाई हिरासतमा लिन सक्ने छ ।

'जटिल मामिलाका लागि ६० दिनसम्म हिरासत अवधिको अनुमति छ, र यदि बन्दीहरूको राष्ट्रियता र पहिचान अस्पष्ट छ भने, जाँचका लागि हिरासतको अवधि उनीहरूको पहिचान निर्धारण भएको दिनदेखि गणना गरिने छ, अवैधरूपमा चीनको क्षेत्रीय पानी र छेउछाउमा प्रवेश गरेका विदेशी जहाजलाई नगरपालिका तटरक्षक एजेन्सी वा प्रमुख तटरक्षक एजेन्सीको स्वीकृति लिएर कानुनअनुसार हिरासतमा राख्न सकिने छ,' नियममा उल्लेख गरिएको छ ।

बेइजिङले पानीमा गस्ती गर्न तटरक्षक र अन्य डुंगा तैनाथ गरेको छ र धेरै चट्टानलाई सैन्यकृत कृत्रिम टापुमा परिणत गरेको छ । फिलिपिन्सले चिनियाँ तटरक्षकलाई फिलिपिन्सका जहाजविरुद्ध अमानवीय व्यवहार' गरेको आरोप लगाएको छ । राष्ट्रपति फर्डिनान्ड मार्कोसले यस महिना दक्षिण चीन सागरमा 'अवैध, जबरजस्ती, आक्रामक र भ्रामक'कार्य गरेको आरोप लगाएका छन् ।

विदेश मन्त्रालयका पूर्वप्रवक्ता वाङ वेनबिनले नयाँ नियमको उद्देश्य 'तटरक्षक एजेन्सीको प्रशासनिक कानुन-प्रवर्तन प्रक्रियाहरूलाई मानकीकरण गर्ने र समुद्रमा व्यवस्थालाई सुधार गर्ने' रहेको बताए । 'व्यक्ति र संस्थाले कुनै पनि गैरकानुनी काम नगरेसम्म चिन्ता गर्न आवश्यक छैन,' वाङले भने । रासस/एएफपी

# सैन्य परेडमा सहभागी हुँदै वेल्सकी राजकुमारी क्याथरिन



**लन्डन–** वेल्सकी राजकुमारी क्याथरिन शनिबार मध्यलन्डनमा आयोजित ट्रूपिङ द कलर सैन्य परेडमा भाग लिएकी छन् । क्यान्सर भएको पत्ता लागेपछि उनी पहिलोपटक सार्वजनिक कार्यक्रममा सहभागी भएकी हुन् ।

गत वर्ष डिसेम्बरमा क्रिसमस डेको दिन केटले सार्वजनिक संलग्नतामा देखाएकी थिइन् र मार्चमा केमोथेरापी गरिरहेको खुलासा गरेकी हुन् । ४२ वर्षीया राजकुमारी विश्वको सबैभन्दा धेरै फोटो खिचिएकी महिलामध्ये एक हुन् । केटको लामो अनुपस्थितिले विशेषत: अनलाइन माध्यमलाई उनको स्वास्थ्य अवस्थाबारे कौतुहलता बढाएको थियो ।

उनले शुक्रबार साँझ एक सामाजिक सञ्जालमार्फत आफ्नो उपचारका राम्रो सुधार भइरहेको र अझै केही समय लाग्ने जानकारी गराएकी थिइन् । 'म यस सप्ताहन्तमा मेरो परिवारसँग राजाको जन्मदिन परेडमा भाग लिन उत्सुक छु र केही सार्वजनिक कार्यक्रममा सामेल हुने आशा गर्दछु, तर मेरो स्वास्थ्यमा पूर्ण सुधार भइसकेको छैन,' राजकुमारीले बताएकी थिइन् । रासस/एएफपी

# दक्षिण अफ्रिकाका राष्ट्रपति रामाफोसा दोस्रो कार्यकालका लागि पुन:निर्वाचित

**प्रिटोरिया (दक्षिण अफ्रिका)–** दक्षिण अफ्रिकी संसद्ले शुक्रबार सातौं संसद्को राष्ट्रिय सभाको पहिलो बैठकमा अफ्रिकी राष्ट्रिय कांग्रेस(एएनसी) का अध्यक्ष सिरिल रामाफोसालाई राष्ट्रपतिको रूपमा पुनःनिर्वाचित गरेको छ । सामाजिक सञ्जाल एक्समार्फत दक्षिण अफ्रिकाको सत्तारुढ दल एएनसीले रामाफोसा पुनःराष्ट्रपतिको रूपमा निर्वाचित भएको खुलासा गरेको छ ।

'केपटाउन अन्तर्राष्ट्रिय कन्भेन्सन सेन्टरमा आयोजित सातौं लोकतान्त्रिक संसद्को राष्ट्रिय सभाको पहिलो बैठकबाट माननीय सिरिल रामाफोसा दक्षिण अफ्रिका गणतन्त्रको राष्ट्रपतिको रूपमा पुनःनिर्वाचित भएको छ,' एएनसीले एक्समा भन्यो ।

दक्षिण अफ्रिकाको अफ्रिकी राष्ट्रिय कांग्रेस पार्टीले दुई हप्ताअघि भएको चुनावमा एएनसीले ३० वर्षको बहुमत गुमाएपछि बिहीबार मुख्य विपक्षी र अन्य दलसँग गठबन्धन सरकार गठन गर्न र राजनीतिक गतिरोध अन्त्य गर्न सहमति भएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ । *रासस/एएनआई*

# मुम्बईको एन्टप हिलस्थित घरको एक भाग ढल्दा दुई जनाको मृत्यु

**मुम्बई–** भारतको मुम्बईस्थित एन्टप हिल क्षेत्रको विजय नगरमा शुक्रबार राति घरको एक भाग ढल्दा दुई जनाको मृत्यु भएको बृहन्मुम्बई नगर निगम (बिएमसी) ले जनाएको छ ।

घटनामा केही व्यक्ति घाइते भएको मुम्बई फायर ब्रिगेडले सूचना पाएपछि फायर अफिसरहरू तुरुन्त घटनास्थलमा पुगेको थियो । जुन १३ मा महाराष्ट्रको ठाणेको कलवार क्षेत्रमा आवासीय भवनको एक भाग ढलेपछि तीन जना घाइते भएका थिए भने ३० जनाभन्दा बढीलाई उद्धार गरिएको थियो । अधिकारीहरूले यो घटना ओम कृष्णा सहकारी आवास सोसाइटीमा भएको बताएका छन् । रासस/एएनआई


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४१२०० | प्रति तोला - १४०५०० | प्रति तोला - १८०० |



**सुकेको धानको ब्याड** | **दाङको घोराही उपमहानगरपालिका-१८ स्थित महदेवाका किसानको लामो समयको खडेरीले सुकेर फुटेको धानको ब्याड राखेको खेत ।**
*तस्बिर : कुलदीप न्यौपाने/रासस*

# 'सूचना प्रविधि विकास गर्न उच्च प्राथमिकता'

■ **प्रभाव संवाददाता**

**ललितपुर-** अर्थमन्त्री वर्षमान पुनले मुलुकमा सूचना प्रविधि क्षेत्रको विकासका लागि नीतिगत स्थिरता र पूर्वाधार विकास सरकारको प्राथमिकतामा रहेको बताएका छन् ।

डिजिटल मिडिया फाउन्डेसनद्वारा आज यहाँ आयोजित 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स सम्मेलन, २०८१' मा उनले सूचना प्रविधिका क्षेत्रमा फड्को मार्न् आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत सरकारले महत्वाकांक्षी योजना अघि सारेको छ भने ।

'सरकारले बजेटमार्फत सूचना प्रविधि क्षेत्रमा लगानी दशक घोषणा गरेर यो क्षेत्रलाई महत्वका साथ अघि बढाएको छ । अबको १० वर्षमा करिब रु ३० खर्बको निर्यात र १५ लाख जनशक्तिलाई रोजगारीको सम्भावना देखिएको छ । यसका लागि सरकारले नीतिगत स्थिरता र सूचना प्रविधि क्षेत्रको पूर्वाधार निर्माणलाई जोड दिइएको छ', उनले भने, 'पाँच वर्षसम्म करका नीति नफेर्ने, काठमाडौं उपत्यकाका कम्तीमा १० ठाउँ र प्रत्येक प्रदेशमा आइटी पार्क बनाएर तीन वर्षसम्म कुनै शुल्क नलिने योजना सरकारले बनाइरहेको छ ।'

आगामी आवको बजेटमार्फत सरकारले नयाँ चरणको आर्थिक सुधारको प्रयास थालेको र मुलुकको आर्थिक समृद्धिका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई सँगसँगै अघि बढाउने नीति सरकारले लिएको उनले जानकारी दिए ।



अर्थमन्त्री पुनले कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलीजेन्स-एआई) को विकासलाई मानव सभ्यता माथिको चुनौतीका रूपमा समेत हेर्न थालिएको भए पनि यसलाई औद्योगिक क्रान्तिको अर्को चरणका रूपमा लिइनुपर्ने र समग्र विकासका लागि महत्वपूर्ण माध्यमका लागि विकास तथा प्रयोग गरिनुर्छ भने ।

'एआईसँग समुदाय नै आतंकित छ। कृतिम बौद्धिकतासँग मानव जाति नै चिन्तित छ । मान्छेले जस्तै सोच्न सक्नेजस्तै गरी एआइले पनि सोच्न सक्ने भएपछि यो प्रविधि मान्छेको सहयोगीको रूपमा रहन सक्छ कि सक्दैन भन्ने मुख्य चुनौती हो', उनले भने, 'तर मानव जीवनलाई सहज बनाउनका लागि प्रविधिको प्रयोग अति आवश्यक छ र यो जीवनको यथार्थ बनिसकेको छ ।'

वस्तु तथा सेवाको उत्पादनमा सूचना प्रविधिको प्रयोगलाई औद्योगिक क्रान्तिको पाँचौं चरणका रूपमा लिने गरिएको उल्लेख गर्नुहुँदै अर्थमन्त्री पुनले नेपालजस्ता मुलुकले यसलाई अवलम्बन नगर्ने हो भने आर्थिक र प्रविधिका क्षेत्रमा थप पछि पर्दै जाने बताए ।

कार्यक्रममा एआइविज्ञ डा विवेक पौडेलले सूचना प्रविधि क्षेत्र र एआइले सरकारको नीति कार्यान्वयनका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ भने । उनले भने, 'पूर्वाधार निर्माण, कृषि क्षेत्र, सेवा प्रवाह, स्वास्थ्य तथा शिक्षाका क्षेत्रमा एआइको प्रयोगले उल्लेख्य नतिजा दिनसक्छ । मुलुकको अर्थतन्त्र र रोजगारी विकासमा यसको भूमिका महत्वपूर्ण हुन्छ ।'

डिजिटल मिडिया फाउन्डेसनका अध्यक्ष प्रवेश सुवेदीले नेपालमा सूचना प्रविधि क्षेत्रको विकास कमजोर रहेको जनाउँदै विश्वस्तरमा प्रतिस्पर्धाका लागि सरकारको नीति, लगानीलगायतका आवश्यक सहयोग आवश्यक पर्छ भने । उनले भने, 'सन् १९९५ देखि २००५ सम्ममा नेपाल सूचना प्रविधि क्षेत्रको विकासमा अन्य थुप्रै देशसँग प्रतिस्पर्धी भए पनि त्यसलाई निरन्तरता दिन नसक्दा नेपाल अहिले पछि परेको छ । सञ्चार क्षेत्रले पनि नयाँ प्रविधि अवलम्बन नगर्ने हो भने मूलधारका सञ्चारमाध्यमलाई वैकल्पिक सञ्चारमाध्यमले छायामा पार्न सक्छ ।'

सम्मेलनका सहभागीलाई एआइले मन्तव्यमार्फत स्वागत गर्नुका साथै कार्यक्रमबारे प्रकाश पारेको थियो । अध्यक्ष सुवेदीले मोबाइल फोनमार्फत स्वागत मन्तव्यका लागि (प्रम्प्ट) निर्देशन दिएका थिए । लगत्तै एआइ प्लाटफर्म च्याट जिपिटीले कार्यक्रमका प्रमुख अतिथि अर्थमन्त्री पुनसहित अतिथिलाई मन्तव्यमार्फत स्वागत गरेको थियो ।

सम्मेलनमा एआइकै प्रयोग गरी तयार पारिएको भिडियोमार्फत कार्यक्रमबारे प्रकाश पारिएको थियो । भिडियोमा कृत्रिम बौद्धिकतामार्फत तयार पारिएका टेलिभिजन कार्यक्रम प्रस्तोताझैँ लाग्ने एक युवकले सम्मेलनको आवश्यकता, एआइले विश्वभर र नेपालमा ल्याउन सक्ने अवसर र चुनौती तथा सञ्चार माध्यमको भविष्य, सार्वजनिक सेवाको प्रयोगलगायत विषयमा प्रस्तुति दिएका थिए ।

## पेट्रोलियम पदार्थको भाउ घट्यो

**काठमाडौं (प्रस)-** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। निगमले पेट्रोलमा प्रतिलिटर तीन रूपैयाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर एक रूपैयाँले घटाएको हो । निगम सञ्चालक समितिको शनिबारको निर्णयानुसार इन्धनको मूल्य घटाउने निर्णय भएको हो । निगमले घटेको मूल्य शनिबार राति १२ बजेदेखि लागू हुने जनाएको छ ।

मूल्य घटेसँगै पेट्रोलको मूल्य पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा १६२ रूपैयाँ ५० पैसा, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङमा १६४ रूपैयाँ र तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा १६५ रूपैयाँ मूल्य कायम भएको छ । त्यसैगरी डिजेल र मट्टितेलमा पहिलो वर्गअन्तर्गत १४९ रूपैयाँ ५० पैसा, दोस्रो वर्गअन्तर्गत १५१ रूपैयाँ र तेस्रो वर्गअन्तर्गत १५२ रूपैयाँ मूल्य कायम गरिएको निगमले जनाएको छ ।

## बजेटबारे समीक्षा हुन आवश्यक छ : अध्यक्ष ओली

**काठमाडौं (प्रस)-** नेपाल कम्युनिस्ट पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओलीले आगामी आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेटबारे समीक्षा हुन आवश्यक रहेको बताएका छन् ।

नयाँ बानेश्वरस्थित संसद् भवनमा एमाले संसदीय दलको बैठकलाई सम्बोधन गर्दै उनले पार्टीले चलाइरहेका मन्त्रालयको बजेट विनियोजनको स्थिति पनि हेर्नुपर्ने बताए । अध्यक्ष ओलीले देशलाई गरिबी हुनबाट बचाउनका लागि एमाले सरकारमा गएकाले बजेट कति ठीक र कति बेठीक भन्नेबारे छलफल हुनुपर्ने धारणा राखे ।

उनले दिगो विकास लक्ष्य पाँच वर्षभित्र पूरा गर्नुपर्ने भन्दै मुलुकको विकास र गरिबी घटाउन उत्पादकत्व वृद्धिमा जोड दिनुपर्ने धारणा राखे । देश बनाउने संकल्प, अठोटसहित उद्यमशीलता बढाउन प्रविधिको प्रयोग गर्नुपर्ने उनको भनाए थियो ।

अध्यक्ष ओलीले राष्ट्रिय शक्तिलाई कमजोर पार्ने प्रयासस्वरूप एमाले विरुद्ध प्रतिक्रियावादीले गलत हल्ला फैलाएका तर्फ सचेत रहनुपर्ने बताए । 'प्रतिक्रियावादीहरूले देश अगाडि नबढोस् भनेर राष्ट्रिय शक्तिलाई कमजारे पार्न चाहान्छन्,' उनले भने, 'भ्रमको जालो फिजाउन, आस्था हटाउने र जनविश्वास कसरी कमजोर बनाउन सकिन्छ भनेर एमालेविरूद्ध लागिपरेका छन् । त्यसलाई चिर्दै अगाडि बढ्नुपर्छ ।'

# एमसिसीअन्तर्गत बन्ने रातमाटे सबस्टेसनको ठेक्का लाग्यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)ले मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) नेपाल कम्प्याक्ट कार्यान्वयनका क्रममा नुवाकोटको बेलकोटगढी नगरपालिका-७ रातमाटेमा चार सय केभी सबस्टेसन निर्माण गर्न भारतको टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडसँग सम्झौता गरेको छ ।

एमसिए नेपालले आज प्रेस विज्ञप्ति जारी गर्दै उक्त सम्झौताबारे जानकारी दिएको हो । उक्त ४०० केभी ग्यास इन्सुलेटेड स्वीचगियर (जिआइएस) सवस्टेसन ३९ महिनाभित्र निर्माण गरिनेछ । निर्माण सम्पन्न भएपछि एक हजार मेगाभोल्ट एम्पियर क्षमताको हुने रातमाटे सबस्टेसन नेपालकै ठूला सबस्टेसनमध्ये एउटा हुनेछ । पाँच करोड १६ लाख अमेरिकी डलरमा निर्माण गरिने नयाँ रातमाटे सबस्टेसनले लप्सीफेदी र नयाँ हेटौंडा सबस्टेसनहरूबीच विद्युत् प्रसारणका लागि महत्वपूर्ण सेतुका रूपमा काम गर्ने एमसिए-नेपालले जनाएको छ ।

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडका व्यापार निर्देशक राजीव अग्रवालले एमसिसी र एमसिए-नेपालका पदाधिकारीहरूको उपस्थितिमा सम्झौतामा हस्ताक्षर गरेर आदानप्रदान गरे ।




एमसिसी नेपाल कम्प्याक्टअन्तर्गत निर्माण गर्न लागिएका तीन वटा सवस्टेसनमध्ये एमसिए नेपालले हस्ताक्षर गरेको यो दोस्रो सबस्टेशन निर्माण सम्झौता हो ।

उक्त सम्झौतापछि नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले भने, 'नेपालको प्रसारण प्रणाली विकास योजना (टिएसडिपीएन) मा नेपालको राष्ट्रिय विद्युत् प्रसारण प्रणालीको महत्वपूर्ण अङ्गका रूपमा परिकल्पना गरिएको ४०० केभी रातामाटे सबस्टेसन नेपालको ऊर्जा क्षेत्रमा एमसीसी नेपाल कम्प्याक्टको अर्को महत्वपूर्ण उपलब्धि हुनेछ ।'

निर्माण सम्झौतामा हस्ताक्षरपछि मिलेनियम च्यालेञ्ज कर्पोरेशनका आवासीय राष्ट्रिय निर्देशक डायन एल. फ्रान्सिस्कोले भने, 'तीन वटा सबस्टेशनमध्ये दोस्रो रातमाटे सवस्टेसन निर्माण सम्झौतामा हस्ताक्षरबाट एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनले गति लिएकाले यसलाई एउटा कम्प्याक्ट कार्यान्वयनका सन्दर्भमा ठूलो फड्कोका रूपमा लिन सकिन्छ । आगामी केही वर्षमा एमसिसी नेपाल कम्प्याक्टको प्रगतिले नेपालको बढ्दो ऊर्जा क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने कुरामा हामी विश्वस्त छौं ।'

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले भने, 'अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) र नेपाल सरकारको आर्थिक सहयोगमा सञ्चालित विद्युत् प्रसारण परियोजनाअन्तर्गत एमसिए नेपालले सवस्टेसन र प्रसारण लाइन निर्माणसम्बन्धी सम्पूर्ण कामलाई तीव्रता दिइरहेको छ । दमौलीमा निर्माण गरिने तेस्रो सवस्टेसनको निर्माण सम्झौता पनि चाँडै नै हुन लागेको छ भने १८ किमी लामो सीमापार प्रसारण लाइन निर्माणका लागिपरेको बोलपत्रको मूल्यांकन भइरहेको छ । हामी प्रसारण लाइनको बाँकी अंश निर्माणका लागि पनि बोलपत्र आह्वान गर्न खरिद प्रक्रियाको अन्तिम चरणमा छौं ।'

चार सय केभी रातमाटे सबस्टेसनमा जलविद्युत् आयोजना र सबस्टेसनबाट प्राप्त हुने तीन हजार दुई सय मेगावाटभन्दा बढी बिजुली प्रसारण गर्ने क्षमता पनि हुनेछ । नेपालमा औद्योगिक र व्यावसायिक क्रियाकलापमा वृद्धि ल्याउन यस सबस्टेसनमा विभिन्न भोल्टेजस्तरमा उपलब्ध हुने भरपर्दो बिजुली वितरण गरिनेछ ।

एमसिसी नेपाल कम्प्याक्टले विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीन वटा सबस्टेसनका अतिरिक्त काठमाडौँको लप्सीफेदीदेखि नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) स्थित नेपाल-भारत सीमासम्म तीन सय १५ किमी प्रसारण लाइन निर्माण गर्न आर्थिक सहयोग गर्दैछ । १८ किमी सीमापार प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्रहरूको को मूल्यांकन भइरहेको छ । एमसिए-नेपालले यसको निर्माण सम्झौता यही साउनमा गर्ने लक्ष्य लिएको छ । त्यस्तै, बाँकी दुई सय ९७ किमी प्रसारण लाइन निर्माणका लागि यथाशीघ्र यसै वर्ष पुनःबोलपत्र आह्वान गर्ने तयारी भइरहेको छ ।

## झापामा कृषि प्रवर्द्धनका लागि १० करोड ५३ लाख

**बनियानी (प्रस)-** झापामा कृषि क्षेत्रको प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले रु १० करोड ५३ लाख अनुदान प्रदान गरेको छ। जिल्लामा सञ्चालित कृषिका प्रवर्द्धनात्मक कार्यक्रमबाट प्रतिफल पनि प्राप्त भएको छ ।

चालु आवमा जिल्लामा कृषि प्रवर्द्धनका लागि कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयले यहाँका १४ वटा स्थानीय तहलाई रु नौ करोड पाँच लाख र कृषि ज्ञान केन्द्रमार्फत रु एक करोड ४८ लाख उपलब्ध प्रदान गरेको जिल्ला कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख सागर विष्टले जानकारी दिए ।

कोशी प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको ससर्त अनुदानमा कृषि बजार निर्माण र सिँचाइलाई बढी प्राथमिकता दिएको छ। जिल्लाका छ पालिकाका १२ स्थानमा कृषि बजार निर्माण तथा पूर्वाधार विकासका लागि रु तीन करोड ४० लाख, ११ वटा पालिकामा सिँचाइ विस्तारका लागि रु तीन करोड ससर्त अनुदान दिएको प्रमुख विष्टले बताए ।

जिल्लाका तीनवटा पालिकामा कृषि यान्त्रिकीकरणका लागि रु ५५ लाख, गह्रा सुधार तथा चक्लाबन्दी खेतीका लागि रु ४० लाख, तोरी खेती तथा मौरीपालनका प्रवर्द्धन र तोरी प्रशोधन उपकरण खरिदका लागि रु ६० लाख उपलब्ध गराएको ज्ञान केन्द्रले जनाएको छ ।

नमूना कष्टम हाउसिङ सेन्टर स्थापनाका लागि रु ६० लाख, प्राङ्गारिक मल उत्पादन पूर्वाधार निर्माण गर्न रु ३० लाख र तरकारी सङ्कलन केन्द्र निर्माण गर्न रु २० लाख स्थानीय तहलाई ससर्त अनुदान उपलब्ध गराएको छ । कोशी प्रदेश सरकारले ज्ञान केन्द्रमार्फत जिल्लामा युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिएको छ । युवा लक्षित तरकारी, च्याउ, मह उत्पादन कार्यक्रमअन्तर्गत ३९ जना युवालाई रु एक/एक लाख अनुदान दिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन पा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ